जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ९० • २०७९ साल भाद्र २ गते विहीबार (18 August, Thursday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

## नागरिकता विधेयक प्रतिनिधिसभावाट हुबहु पारित हुने

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारीले फिर्ता पठाएको नागरिकता विधेयकलाई प्रतिनिधिसभाको बिहीबारको बैठकबाट नै हुवहु पारित गरिने भएको छ । गृहमन्त्री बालकृष्ण खाँणले प्रतिनिधिसभाको बिहीबारको बैठकमा राष्ट्रपतिबाट सन्देशसहित फिर्ता भएको विधेयकलाई पारित गरियोस् भनेर प्रस्ताव राख्ने भएका छन् ।



प्रतिनिधिसभाको बिहीबार ११ बजे बस्ने बैठकको सम्भावित कार्यक्रमको सूचीमा नागरिकता विधेयकलाई पुनर्विचार गरियोस् र पारित गरियोस् भनेर गृहमन्त्रीले प्रस्ताव प्रस्तुत गर्ने उल्लेख छ । 'सम्माननीय राष्ट्रपतिबाट सन्देश सहित फिर्ता भएको नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ माथि पुनर्विचार गरियोस' भनी गृहमन्त्रीले पहिलो प्रस्ताव राख्नेछन् ।

गृहमन्त्री खाँणले राखेको उक्त प्रस्तावमा सांसदहरूले आफ्ना धारणा राखेपछि गृहमन्त्रीले नै उक्त विधेयक पारित गरियोस् भन्ने प्रस्ताव राख्नेछन् ।

राष्ट्रपतिले साउन २९ गते नागरिकता विधेयक पुनर्विचार गर्न भनेर प्रतिनिधिसभामा फिर्ता पठाएकी थिइन् । जसको सत्तारुढ गठबन्धनले विरोध गरेको छ । गठबन्धनले संघीय संसद्का दुबै सदनबाट नागरिकता विधेयक जस्ताको त्यस्तै पारित गरेर राष्ट्रपतिकहाँ प्रमाणीकरणका लागि पठाउने निर्णय गरेको छ । त्यस आधारमा हेर्दा सत्ता गठबन्धनको बहुमत हुने भएकाले गृहमन्त्रीले राखेको प्रस्ताव पारित हुँदा बिहीबारको बैठकबाटै नगारिकता विधेयक पारित हुनेछ ।

सत्तारुढ गठबन्धनको उक्त निर्णयको प्रमुख प्रतिपक्षी एमालेका अध्यक्ष केपी शर्मा ओलीले 'बहुमतको घमण्ड' भन्दै आलोचना गरेका छन् ।

प्रतिनिधिसभाबाट विधेयक पारित भएपछि राष्ट्रिय सभामा पठाइनेछ । राष्ट्रिय सभाले पारित गरेपछि सभामुख अग्निप्रसाद सापकोटाले प्रमाणित गरेर प्रमाणीकरणका लागि पुनः राष्ट्रपतिकहाँ पठाइनेछ । त्यसरी पठाएको विधेयकलाई राष्ट्रपतिले १५ दिनभित्र पारित गर्नैपर्ने संवैधानिक व्यवस्था छ।

### नागरिकता विधेयक फिर्ताको विरोध

प्रमाणीकरणका लागि पठाइएको नागरिकता विधेयक राष्ट्रपति विद्यादेवी भण्डारीले फिर्ता गरेको विरोधमा बुधबार काठमाडौंमा युवाहरुले प्रदर्शन गरेका छन् । नागरिकताविहीन संघर्ष समिति नेपालको अगुवाइमा युवाहरुले माइतीघर मण्डलामा नागरिकता विधेयक फिर्ता गरेको विरोधमा प्रदर्शन गरेका छन् ।

'नेपाली आमाबुबाका सन्तान हामी कसरी अनागरिक सरकार ?', 'देशको असल नागरिक पहिचान गर', 'अनागरिक बनाउन पाइँदैन', लगायत नारा लेखिएका प्लेकार्डसहित उनीहरुले सडकमा प्रदर्शन गरे । राष्ट्रपति भण्डारीले साउन २९ गते पुनर्विचार आवश्यक भन्दै विधेयक फिर्ता गरेकी थिइन् ।

## छलफलको कुनै अर्थ छैन् : ओली

**टुडे समाचारदाता**

काठमाण्डु । प्रमुख प्रतिपक्षी दल एमालेका अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रपतिले फिर्ता गरेको नागरिकता विधेयकबारे सत्तारुढ गठबन्धनले जस्ताको त्यस्तै फिर्ता गर्ने निर्णय लिएर बहुमतको घमण्ड देखाएको बताएका छन् ।



पार्टी प्रवेश कार्यक्रममा ओलीले बुधबार नागरिकता विधेयकबारे संसद्मा छलफल हुनुपर्नेमा संसद् बाहिर नै निर्णय भएको भन्दै असन्तुष्टि व्यक्त गेरेका छन्।

'नागरिकता विधेयक राष्ट्रपतिले संसद्ले एकपटक विचार गरोस्, कमी कमजोरी नरहोस्, यो धेरै गम्भीर विषय हो भनेर फिर्ता पठाउनुभयो । संसद्मा होइन बाहिर बसेर राष्ट्रपतिले फिर्ता पठाउनुभएपछि पाखुरा सुर्केर, मसल छामेर राष्ट्रपतिले फिर्ता पठाउने जस्ताको त्यस्तै फिर्ता पठाइदिने हिजो निर्णय गरे । संसदमा छलफल हुनै बाँकी छ,' उनले भने, 'के छलफल हुन्छ अब ? पाखुरेहरूले पाखुराको भाषा बोलिसके, हिजै जस्ताको त्यस्तै फिर्ता पठाइदिने, बहुमतको तागत देखाइदिने । को हो राष्ट्रपति संसद्लाई विचार गर्न भन्ने भनेर यस्ता घमण्डीहरूले तार्किक होइन बल, पाखुरा र मसलका कुरा गर्ने ? यस्ताले देश चलाउछन् ।'

नागरिकता विधेयकमा राम्रा र नराम्रो कुराको ख्याल नगरी फिर्ता पठाउने गठबन्धनको निर्णय सही नभएको ओलीको भनाइ थियो । उनले संसद्मा छलफल हुनुपर्ने र बाहिर निर्णय गर्नु संसदीय व्यवस्था नभएको बताए ।संघीय संसद्का दुवै सदनबाट पारित विधेयकलाई राष्ट्रपति विद्यादेवी भण्डारीले १५ दिनको अध्ययनपछि प्रतिनिधिसभामा फिर्ता पठाएकी थिइन् । उनले साउन २९ गते पुनर्विचार गर्नका लागि भन्दै नागरिकता विधेयक फिर्ता गरेकी छन् ।

## मधेश प्रदेश प्रमुख मिश्रका छोरालाई जेल

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका प्रमुख हरिशंकर मिश्रका छोरा मनिष मिश्रलाई एक बर्ष कैद सजाय गरिएको छ । उनले जनकपुरधाम उप-महानगरपालिकाबाट बल्व खरिदमा सरकारी कर्मचारीलाई प्रभावमा पारेको भन्दै प्रदेश प्रमुख मिश्रका छोरा तथा सत्या इन्टरप्राइजेजका सञ्चालक मिश्रलाई भने एक वर्ष कैद सजाय तोकिएको छ। उनलाई भ्रष्टाचार निवारण ऐनको दफा ८(४) बमोजिमको कसूर गरेको विशेष अदालतको ठहर छ।

जनकपुरधाम उपमहानगरपालिका नगर कार्यपालिकाले आर्थिक वर्ष ०७४/०७५ मा विद्युतीय सामग्रीहरू खरिद गर्दा अनियमितता गरेको उजुरी अख्तियारमा परेको थियो। खरिद गर्दा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत (उपसचिव) अर्जुनप्रसाद सुवेदीसमेतले सत्या इन्टरप्राइजेजका सञ्चालक तथा प्रदेश प्रमुख मिश्रका छोरा मनिषकुमार मिश्रसँग एक-आपसमा मिलेमतो गरी भ्रष्टाचार गरेको अख्तियारको अनुसन्धानले देखाएको छ।

मिश्रले अनुचित प्रभावमा पारी, दूषित मनसायले अभिप्रेरित भइ खरिदसम्बन्धी कोटेसन माग गरेको आरोपपत्रमा उल्लेख छ। सत्या इन्टरप्राइजेजसमेतका तीनवटा फर्मको नाममा मिलेमतो गरी एउटै व्यक्तिले कोटेसन भरेका थिए।

अख्तियारको अनुसन्धानले एउटै हस्तलिपिबाट दररेट पेस गरिएको देखिएको थियो। अन्त्यमा सत्या इन्टरप्राइजेजको दररेट स्वीकृत गरी प्रतिस्पर्धालाई सीमित हुने गरी टुक्रा-टुक्रा पारी, सत्या इन्टरप्राइजेजसँग एक आर्थिक वर्षमा पटक-पटक सीमाभन्दा बढी मूल्यमा र स्वीकृत दररेटभन्दा बढी प्रकारका विद्युतीय सामग्रीहरू खरिद गरिएको थियो।

> **अख्तियारको अनुसन्धानले एउटै हस्तलिपिबाट दररेट पेस गरिएको देखिएको थियो । अन्त्यमा सत्या इन्टरप्राइजेजको दररेट स्वीकृत गरी प्रतिस्पर्धालाई सीमित हुने गरी टुक्रा-टुक्रा पारी, सत्या इन्टरप्राइजेजसँग एक आर्थिक वर्षमा पटक-पटक सीमाभन्दा बढी मूल्यमा र स्वीकृत दररेटभन्दा बढी प्रकारका विद्युतीय सामग्रीहरू खरिद गरिएको थियो ।**

मिश्र संगै अख्तियारले तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सुवेदी, मदन घिमिरे, दिनेश चौधरी, ललन कर्ण, अव्दुल जब्बार र मनिषमाथि मुद्दा दायर गरेका थिए। तर, मदन घिमिरे र दिनेश चौधरीलाई सफाइ दिइएको छ । ६ जनामाथि दायर गरिएको मुद्दामा दुई जनालाई सफाइ दिइएपछि ४ जनामाथि जनही ११ लाख ३५ हजार चार सय ११ रुपैयाँ बिगो माग दाबी गर्दै अख्तियारले ०७६ साउन १४ मा सरकारी रकम हानि-नोक्सानी गरी भ्रष्टाचार गरेको भन्दै मुद्दा दायर गरेको थियो । विशेष अदालतका अनुसार उपसचिव सुवेदीलाई ६ महिना कैद, तीन लाख ७८ हजार चार चार सय ७० रुपैयाँ जरिवाना र सोहीबराबर बिगो असुलउपर गर्ने आदेश भएको छ । यसैगरी शाखा अधिकृत कर्णलाई पाँच महिना कैद तथा जरिवाना र बिगो तीन लाख ७८ हजार रुपैयाँ नै भएको छ । नासु जब्बारलाई पनि सोही रकमबराबर बिगो र जरिवानाका साथै चार महिना कैद सजाय सुनाइएको विशेष अदालतले जनाएको छ।

## उपेन्द्रतिर राजकिशोर खुले

**टुडे समाचारदाता**

काठमाण्डु । सांसद राजकिशोर यादव जनता समाजवादी पार्टी (जसपा) तिर खुलेका छन् । जेठ अन्तिम साता उपेन्द्र यादव र डा. बाबुराम भट्टराईले छुट्टाछुट्टै बैठक बोलाएका बेला दुबैतिर नखुलेका राजकिशोर अन्ततः जसपा तिर खुलेका छन् ।

डा. भट्टराईले पछिल्लो समय आफ्नो नेतृत्वमा नेपाल समाजवादी पार्टी (नेसपा) बनाएका छन् र माओवादीको चुनाव चिह्नबाट निर्वाचनमा भाग लिने सहमति गेरेका छन् । नेसपा नेताहरुका अनुसार सांसद यादव निरन्तर सम्वादमा थिए । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर समेत छलफल गेरेका थिए ।

तर बुधबार जसपातिर खुलेका छन् । काठमाण्डुमा बसेको जसपा राजनीतिक समितिको बैठकमा यादव सहभागी भएका छन् । बैठकमा ४ मंसिरमा हुने प्रदेश र प्रतिनिधिसभा निर्वाचनको तयारीबारे छलफल भइरहेको नेताहरुले बताएका छन् ।

राजकिशोर बाबुराम तिर जाने निश्चित थिए । उनी महेन्द्र यादव संगको सम्वादका कारण उपेन्द्र तिर खुल्न सकि रहेका थिएनन् तर, बाबुरामले प्रचण्ड तिर गएपछि उनी जसपामै खुलेका छन् ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
प्राविधिक शिक्षा भविष्यको सुरक्षा
CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरुबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो ।
विशेषताहरू :
१. नेपाल सरकारको विभिन्न स्वास्थ्य संस्थामा काम गर्न एवं लोक सेवा आयोगको परीक्षामा सामेल हुन पाइने ।
२. स्वास्थ्य व्यवसायी परिषद्ले तोकेको कार्य क्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल संचालन वा काम गर्न सकिने ।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुको साथै नेपालमै Bachelor in Dental Sugery (BDS)/MBBS पढ्न पाइने (+2 Science को समकक्षता)
फाराम भर्ने अन्तिम मिति २०७९ भाद्र १० गते सम्म
विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL & TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हास्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851



# प्रहरीको सम्पूर्ण ध्यान निर्वाचनमा : प्रहरी महानिरीक्षक सिंह

**टुडे समाचारदाता**

सप्तरी । नेपाल प्रहरीका महानिरीक्षक (आइजिपी) धीरज प्रताप सिंहले प्रहरीको सम्पूर्ण ध्यान आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा केन्द्रित रहेको बताएका छन् ।




राजविराजमा बुधबार पत्रकारसँग कुरा गर्दै उनले सफलतापूर्वक स्थानीय निर्वाचन सम्पन्न गरिसकेपछि प्रहरीको ध्यान आगामी निर्वाचन विश्वसनीय, भयरहित गराउनेतर्फ केन्द्रित रहेको बताए ।

आसन्न निर्वाचनमा नेपाल सरकारले दिएको जिम्मेवारीलाई निष्पक्ष, भयरहित तवरमा नागरिकको मताधिकारको प्रयोग गर्न दिने वातावरणा बनाउनु नै समस्त प्रहरीको एकमात्र उद्देश्य रहेको प्रहरी महानिरीक्षक सिंहले बताए ।

उनले नागरिक समाज, सञ्चारकर्मीलाई समाजका विषयवस्तु प्रहरीभन्दा बढी जानकारी हुने भएकाले सहयोगको अपेक्षासमेत गरे । सार्वजनिक पद धारण गरेका व्यक्तिबाट पदीय आचारणविपरीत भएका कार्य, समाजमा भइरहेका विकृति, विसङ्गतिलाई पत्रकारले उजागर गर्ने मात्र नभई सुधार गर्ने, सच्याउने ढङ्गले पथप्रदर्शक बन्न पनि उनले आग्रह गरे । सबै क्षेत्रका कुरीतिलाई न्यूनीकरण गर्न पत्रकारको महत्वपूर्ण भूमिका रहेको उनले बताए । अन्य प्रदेशको तुलनामा तस्करी, कालाबजारी, महिला हिंसाका घटना बढी रहेकाले प्रहरीलाई पत्रकार र नागरिक समाजको साथ सहयोग चाहिने उल्लेख गर्दै प्रहरी महानिरीक्षक सिंहले आफ्ना प्रहरी तस्करीमा संलग्न नभएको बताए । गलत बाटोमा प्रहरी संलग्न भएको पाइएमा जानकारी दिन अनुरोध गर्दै उनले कसूरअनुसार विभागीय कारबाही गरेर जानकारी सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# पसल फोडी सामान चोरी गर्ने पक्राउ

**टुडे समाचारदाता**

महोत्तरी । पसल फोडेर लाखौँका सामान चोरी गर्ने दुई जना पक्राउ परेका छन् ।

बर्दिबास-१४ स्थित दिनेश कृषि इञ्जीनियरिङ वर्कसपका सामान चोरी गर्ने बर्दिबास-१४ का २१ वर्षीय नवीन जर्घामगर र २४ वर्षीय शनि महतो पक्राउ परेका हुन् ।

इलाका प्रहरी कार्यालय बर्दिबासका अनुसार गत आइतबार राति वर्कसपबाट जेसिवीको हाइड्रोलिक पम्प पाँच थान, आठ एमएमको प्लेट एक सय ८० किलो, वेल्डिङ रड पाँच कार्टुन, टेबुल पङ्खालगायतका रु सात लाख ६५ हजार मूल्य बराबरको सामान चोरी भएको थियो ।

चोरिएका सामानसहित उनीहरूलाई पक्राउ गरेको इलाका प्रहरी कार्यालयका प्रमुख तथा प्रहरी नायब उपरीक्षक रवि रावलले जानकारी दिए ।

जिल्लाका बर्दिबास र गौशाला बजारमा पसल चोरी हुने क्रम बाक्लिएको जनाइएको छ । यसअघि साउन चौथो सातामा मोटरसाइकल चोर्ने गिरोहलाई पनि प्रहरीले पक्राउ गरी अनुसन्धान जारी राखेको छ । सो गिरोहबाट प्रहरीले हालसम्म चार चोरीका मोटरसाइकल बरामद गरिसकेको छ ।

# सिमेन्ट उद्योगीहरुको जायज मागलाई सम्वोधन गर्छु : वनमन्त्री यादव

**टुडे समाचारदाता**

काठमाण्डु । वन तथा वातावरणमन्त्री प्रदीप यादवले नेपालका सिमेन्ट उधोगीहरुको जायज मागलाई सम्वोधन गर्न आफू सकारात्मक रहेको बताएका छन् ।



बुधबार वन मन्त्रालय पुगेका नेपाल सिमेन्ट उत्पादक सङ्घका प्रतिनिधिहरुसँगको छलफल गर्ने क्रममा मन्त्री यादवले नेपालका सिमेन्ट उद्योगीलाई प्रोत्साहन गर्न उद्योगीहरुको जायज मागहलाई सम्वोधन गर्न आफू सकारात्मक रहेको बताए ।

उद्योगीहरुलाई प्रोत्साहन गर्नु सरकारको दायित्व हो, तपाईँहरुलाई परेका समस्याहरुको समाधानका लागि वन मन्त्रालय सकारात्मक छ । हामीबाट हुने कामहरु हामी गर्छौं र अन्य मन्त्रालयसँग पनि समन्वय र समाधानका लागि पहल गर्नेछौं,' उनले भने ।

भेटघाटका क्रममा सिमेन्ट उत्पादक सङ्घका अध्यक्ष धूर्वराज थापाले वन नियमावली २०७९ का केही प्रावधानहरुका कारण सिमेन्ट उद्योग सङ्कटमा परेको जानकारी गराएका थिए ।

थापाले प्रावधानहरु संशोधन नहुँदा नेपाली सिमेन्टको मूल्य बढेर जाने र अन्य मुलुकमा निर्यात गर्न नसकिने बताउँदै प्रावधानहरुलाई संशोधन गरेर नेपालको सिमेन्ट उद्योगलाई सङ्कटबाट बाहिर निकाल्न आग्रह गरे ।

उद्योगीहरुले उठाएको माग प्रति आफू गम्भीर भएको बताउँदै जायज मागलाई नियमावली संशोधन गरेर भएपनि सम्वोधन गर्ने आफू प्रतिवद्ध रहेको मन्त्री यादवले बताए । म उद्योग बुझेको मान्छे हुँ । यहाँहरुले उठाएको माग प्रति मेरो ध्यानाकर्षण भएको छ,' उनले भने, त्यसमाथि यहाँहरुको उद्योगले नेपालको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउने गरेको छ र पछिल्लो समय निर्यात गर्दै देशको व्यापार घाटालाईसमेत कम गर्न सहयोग गरिरहेको छ । यस्तो अवस्थामा नियमावली संशोधन गरेर भएपनि यहाँहरुको समस्या समाधान गर्छु,' उनले भने । मन्त्री यादवले नियमावलीमा रहेका बाधा व्यवधानहरुलाई आवश्यक संशोधन गर्नका लागि अध्ययन गर्न एउटा विज्ञहरुको टोली गठन गर्न निर्देशनसमेत दिए । टोलीले सात दिन भित्र उद्योगी, व्यवसायी र त्यस क्षेत्रका प्राविधिक जानकारहरुसँग छलफल गरी आवश्यक अध्ययन गरेर प्रतिवेदन प्रस्तुत गर्ने र सोही प्रतिवेदनको आधारमानियमावलीकाप्रावधानहरु सच्च्याएर उद्योगीहरुको जायज मागलाई पूरा गरिने छ ।

उद्योगीहरुले वन नियमावलीमा बढाइएको चुनढुङ्गा रोयालटी रकम संशोधन गर्न, वातावरण शुल्क लाग्ने व्यवस्था हटाउनलगायतका माग गरेका छन् ।

# गाँजासहित एकजना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा दश किलो गाँजासहित एक जना पक्राउ परेका छन् ।

नगराईन नगरपालिका २ जटहीबाट विशेष सूचनाको अधारमा डोमा सदालाई पक्राउ गरेको छ ।

सदाले आफ्नो घरमा लुकाई छिपाइ दश किलो दुई सय ५० ग्राम गाँजा राखेको थियो । सोही आरोपमा सदालाई नियन्त्रणमा लिइएको छ । धनुषाका प्रहरी नायव उपरीक्षक (डिएसपी) प्रदीप बहादुर क्षेत्रीका अनुसार उनले घरबाट प्रतिबन्धित गाँजा विक्री वितरण गर्ने गरेको थियो ।

उनीमाथि प्रहरीले थप अनुसन्धान गरिरहेको छ । लागू औषध विक्री वितरण शीर्षकमा मुद्दा चलाइने डिएसपी क्षेत्रले बताए ।

# मोटरसाइकल चोरी गर्ने सुनार पक्राउ

काठमाण्डु । ट्राफिक प्रहरीले मोटरसाइकल चोरी गर्ने एकजनालाई पक्राउ गरेको छ ।

काठमाण्डु उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट सादा पोशाकमा खटिएको ट्राफिक प्रहरीले काठमाण्डु सिफलका रमोद ठाकुर लोहारको गत वैशाख २६ गते नयाँ बानेश्वरबाट मोटरसाइकल चोरी गर्ने पोखराका २४ वर्षीय अमर सुनारलाई बुधबार पक्राउ गरेको हो ।

कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले कालो रङको पल्सर मोटरसाइकलको वास्तविक नम्बरप्लेट परिवर्तन गरी चलाउँदै गरेको अवस्थामा सुनारलाई पकनाजोलबाट पक्राउ गरिएको जानकारी दिनुभयो ।

पक्राउ सुनारले वास्तविक नम्बर बागमती प्रदेश ०२-०१५ प ८२१८ नम्बरलाई परिवर्तन गरी प्रदेश ०२-०२० प ३९६८ नम्बर बनाएर चलाएको फेला परेको प्रवक्ता भट्टले बताउनुभयो । ट्राफिक प्रहरीले पक्राउ परेका सुनारलाई आवश्यक अनुसन्धान एवं कारबाहीका लागि प्रहरी वृत्त नयाँ बानेश्वर पठाएको छ ।रासस

# बेलका नगरपालिका थाल्यो सप्तकोसी कटान तटबन्ध निर्माण

उदयपुर । उदयपुरको बेलका नगरपालिकाको केही वडामा सप्तकोसी नदीको बाढी प्रवेश गरेर कटान गरेको झन्डै एक किलोमिटर क्षेत्रमा नगरपालिकाले कटान नियन्त्रणका लागि तटबन्ध निर्माण सुरु गरेको छ ।

नगरपालिकाका प्रमुख अशोक कार्कीका अनुसार केही दिनअघि मात्र बाढीले नगरको वडा नं २ ,३ र ८ का डुम्रीबोटसहितका क्षेत्रमा नदी कटानले गाउँघर असुरक्षित भएकाले नगरपालिकाले तटबन्ध निर्माण सुरु गरेको हो ।

सो निर्माणका लागि प्राविधिकहरूको सल्लाहअनुसार ढुङ्गा सङ्कलन र तारजाली जस्ता सामग्री जुटाउने र उपलब्ध गराउने काम भइरहेको नगरपालिकाले बताएको छ । विगतमा बोरामा बालुवा बाँधेर निर्माण गरेको तटबन्ध नदीले भत्काएकाले अब ढुङ्गाको पर्खाल र तारजाली लगाउन सुरु गरिएको नगरपालिकाकी उपप्रमुख जिरा राईले बताउनुभयो । तत्काल फेरि पनि विपत्ति आउन सक्ने हुनाले नगरपालिकाको अन्य विकासको बजेट कटौती गरेर झन्डै तीन करोडभन्दा बढी रकम नगरको वडा नं १ ३ र ८ को नदी कटान नियन्त्रणमा लगाउने जनाइएको छ । यसका लागि सङ्घीय सरकार जलस्रोत मन्त्रालय र प्रदेश सरकारसँग सहयोगे माग गरिएको बेलकाका प्रमुख अशोक कार्कीले बताउनुभयो ।

स्थायी तटबन्धन पहल गरेपनि यो कार्य केही वर्ष ढिला हुन सक्ने हुनाले तत्काल नै केही वडामा कोसी कटानको उच्च जोखिमबाट बचाउन नगरपालिकाको पहल र सक्रियतामा नै तटबन्ध बनाउन लागिएको बताइएको छ । केही दिनअघि बेलकाको कोसी क्षेत्र आसपासमा बाढी आउँदा झन्डै दुई हजार पाँच सयभन्दा बढी जनता अस्थायीरूपमा विस्थापित भएका छन् ।

अहिले पनि नदी कटानबाट विस्थापितमध्ये झन्डै पाँच सयलाई नगरपालिकाले अस्थायी शिविरमा राखेर राहत प्रदान गरिरहेको छ ।रासस

# सचेतनामूलक कार्यक्रम सम्पन्न

**टुडे समाचारदाता**

कलैया । सर्वसाधारणमा जनचेतना जगाउने उद्देश्यले बाराको सिमरामा ट्राफिक सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।




पथलैया वीरगञ्ज-६ लेन सड्कखण्डमा जथाभावी गाडी पार्किङ र फुटपाथमा पसलका सामग्रीहरु राखेर सड्क खण्डहरु अवरोध हुँदै गएपछि समुदाय प्रहरी साझेदारी अन्तर्गत कार्यक्रम गरिएको हो । ईलाका प्रहरी कार्यालय सिमरा र ट्राफिक प्रहरी कार्यालय सिमराको आयोजना र जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघको सहकार्यमा कार्यक्रम भएको हो । सिमरा स्थित अस्थाई ट्राफिक प्रहरी कार्यालय अगाडिबाट सुरु भएको रयाली जीतपुरसिमरा उपमहानगरपालिकाको वडा नं. १ र २ को विभिन्न क्षेत्रहरु परिक्रमा गरेको थियो । वीरगञ्ज पथलैया सड्क खण्डका अस्त व्यस्त पार्किङ्ग,जेब्रा क्रसिङ्ग र सड्क लाईट उचित व्यवस्थापन गरी सबैले त्यसको परिपालना गर्न नगर उद्योग वाणिज्य संघका अध्यक्ष मोहन शर्मा लामिछानेले सबैमा अनुरोध गरे । कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुख राजन पौडेल ,उप प्रमुख भोला अधिकारी ,ईलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक युवराज तिमलसिना , अस्थाई ट्राफिक पोस्ट सिमरा प्रहरी नायब निरीक्षक दिलिप कुमार यादब लगायत बिभिन्न संघसंस्थाको प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी पक्राउ

काठमाण्डु । उच्च अदालत पाटनबाट बैंकिङ कसुर मुद्दामा आठ दिन कैद र रु ४२ लाख जरिवाना तोकिएका निरज बुढाथोकीलाई प्रहरीले पक्राउ गरेको छ ।

उच्च अदालत पाटनले २०७७ पुस १९ गते बुढाथोकीलाई बैंकिङ कसुर तथा सजाय ऐन २०६४ बमोजिम आठ दिन कैद र रु ४२ लाख जरिवानाको फैसला गरेको थियो ।

हालसम्म फरार भएका रेग्मीलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जको टोलीले मङ्गलबार काठमाण्डुको कोटेश्वरबाट पक्राउ गरी आज सार्वजनिक गरेको हो ।

रामेछापको मन्थली नगरपालिका-७ घर भई हाल काठमाण्डु- १० बस्ने ३९ वर्षीय बुढाथोकीले आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको जानी-जानी झुक्यानमा पारी पीडितलाई सेन्चुरी बैंकको चेक दिएका थिए ।

फैसला कार्यान्वयनका लागि बुढाथोकीलाई बुधबारनै सम्मानित जिल्ला अदालत काठमाण्डुमा पेस गरिने ब्यूरोका प्रहरी उपरीक्षक कमल थापाले बताउनुभयो ।रासस

# असहाय गाईको संरक्षण र पितृ मुक्तिका लागि महायज्ञ सुरु

काठमाण्डु । सडकमा असहाय छोडिएका गाईको संरक्षण एवं पितृ मुक्तिको सङ्कल्पले १०८ श्रीमद्भागवत महापुराण सुरु भएको छ । गोकर्णेश्वर नगरपालिका-३ सुन्ताखानमा रहेको दधिमथी गौ सेवा नेपालको आयोजनामा पितृ मुक्ति तथा गौ रक्षाका लागि महापुराण साउन ३० गतेदेखि सुरु भएको हो ।

महापुराणबाट जम्मा भएको सहयोग सुन्ताखानमा संरक्षण गरिएका ४० गाईको सेवामा लगाइने गौ सेवाका संस्थापक अध्यक्ष नरत्न शर्मा दधिचीले राससलाई जानकारी दिनुभयो । संस्थाले छ वर्षअघिदेखि साढे दुई रोपनी जग्गा मासिक रु ५० हजार भाडामा लिई सडकमा छाडा छोडिएको असहाय गाईको संरक्षण गर्दै आएको छ । यी गाई संरक्षणको मुख्य स्रोत यस्तै यज्ञ, पूजा, पाठलगायत स्रोतबाट जम्मा गरिने संस्थाकी अध्यक्ष पूजा अग्रवालले बताउनुभयो ।

भदौ ६ गतेसम्म सञ्चालन हुने महायज्ञमा व्यासाचार्य पण्डित मानवेन्द्रजी महाराजले कथावाचन गरिरहनुभएको छ । बिहान भने ६० ब्राह्मणले श्रीमद्भागवतको पाठ गरिरहेको जनाइएको छ ।

महापुराणमा भजन सम्राट पण्डित पतञ्जली शर्माको प्रस्तुति पनि रहने गरेको छ । कार्यक्रममा इच्छुक भक्तजनले तुलादान पनि गर्न पाउने व्यवस्था गरिएको अध्यक्ष अग्रवालले सुनाउनुभयो । कार्यक्रममा सहभागी भक्तजनलाई दैनिक महाप्रसाद भण्डाराको पनि व्यवस्था गरिएको छ ।रासस

# सभापतिमा यादव निर्विरोध

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश सभा विकास समितिमा डा. रिना यादव निर्विरोध निर्वाचित भएकी छन् ।



प्रदेश सभा विकास समितिको रिक्त सभापति पदका लागि बुधवारसम्म उम्मेदवारीका लागि समय निर्धारण गरिए पनि बेलुका ४:४७ बजेसम्म महोत्तरी निर्वाचन क्षेत्र नं. ४ का सांसद डा. रिना यादवले मात्रै उम्मेदवारी दर्ता गराए पछि उनी निर्विरोध निर्वाचित भएकी छन् । विकास समितिको बैठक विहीबार २ बजे बस्ने जनाइएको छ ।

## जग्गा बिक्रीमा

**कित्ता नं.** २९१ **क्षेत्रफल** ०-८-८
**कित्ता नं.** २९४ **क्षेत्रफल** ०-८-६
**कित्ता नं.** ६२२ **क्षेत्रफल** ०-२-०
**कित्ता नं.** ६६३ **क्षेत्रफल** ०-४-१८.१४
**कित्ता नं.** ६६४ **क्षेत्रफल** ०-१-७.५
**कित्ता नं.** ६६५ **क्षेत्रफल** ०-७-१२.५
**कित्ता नं.** ९४ **क्षेत्रफल** ०-०-१२

**ठेगाना** : मिथिला नगरपालिका -९, धनुषा (साबिक बैंगाडावर-६)
**नजिकको लोकेसन** : न्यू होराईजन सेकेन्ड्री इङ्गलिश बोर्डिङ्ग स्कुल, महेन्द्र राजमार्गबाट १ कि.मि पश्चिम
**सम्पर्क नं.** : **९८४०७५६८७३, ९८०८७८७१९६**
**नोट**:- महेन्द्र राजमार्गबाट १ कि.मि पश्चिम, सबै कित्ता एउटै फ्लटमा जोडिएको छ ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : पारिवाहिक सुख । |
| मिथून | : बौद्धिक क्षमता । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : धन बृद्धि सञ्चय । |
| कन्या | : सुख समृद्धि हुने । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| बृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# अवरोधकै बीच फोहर व्यवस्थापन



काठमाण्डु । स्थानीयले निरन्तर अवरोध गरेपछि काठमाण्डु महानगरपीलकाले बुधबार पनि सुरक्षा घेराबाटै उपत्यकाको फोहर व्यवस्थापन गरेको छ ।

कहिले बाटो मर्मतको काम त कहिले सिसडोल र बञ्चरेडाँडाको स्थानीयले गरेको अवरोधका कारण काठमाण्डु उपत्यकाको फोहर दुई महिनादेखि अन्तिम व्यवस्थापन हुन सकेको छैन। लामो समयसम्म फोहर व्यवस्थापन हुन नसक्दा अहिले उपत्यकाका सडक फोहरले दुगन्धित बनेका छन् भने नागरिकको दैनिकीमा समस्या आएको छ।

सिसडोल र बञ्चरेडाँडाका स्थानीयहरूले विगतमा महानगरसँग भएको सम्झौताअनुसार सडक मर्मतको काम समयमा नै सम्पन्न नगरेको, स्थानीयलाई स्वास्थ्य, शिक्षा, रोजगारीको व्यवस्था जस्ता माग पूरा नगरेको भन्दै कहिले फोहर बोकेको गाडी तोडफोड र कहिले सडक नै अवरोध गरी विरोध गर्दै आएका छन्। कामपाले भने स्थानीयसँग भएको सम्झौता कार्यन्वयनको चरणमा रहेको भन्दै फोहर ढुवानीका लागि सहयोग गरिदिन स्थानीयलाई आग्रह गर्दै आएको छ।

स्थानीयले निरन्तर अवरोध र लामो समयसम्म उपत्यकामै फोहर राख्नु परेकाले प्रहरी प्रशासन परिचालन गरेर फोहर व्यवस्थापनको काम गरिएको जनाएको छ। कामपाका प्रमुख बालेन्द्र साहले फोहर व्यवस्थापन गर्दा कसैलाई केही समस्या नपरोस् भनेर इमान्दार, सचेत र संवेदशनशील भएर काम भइरहेको बताउनुभएको छ। गत जेठ २६ गते कामपा, धुनिबेँसी नगरपालिका र ककनी गाउँपालिकाबीच भएको सम्झौता कार्यान्वयनको अवस्थामा रहेको जानकारी दिँदै प्रमुख साहले तत्काल गर्नुपर्ने काम नियमित प्रक्रियाबाट भइरहेको र चालु आर्थिक वर्षमा उक्त स्थानमै काम गर्न बजेट विनियोजन गरिएको पनि जानकारी दिनुभयो।

कामपाले चालु आर्थिक वर्षमा सिसडोल बञ्चरेडाँडा क्षेत्रमा फोहर व्यवस्थापन र सडक मर्मतका लागि मा रु २० करोड बजेट विनियोजन गरेको छ। प्रहरी प्रशासनको सहयोग लिएर मङ्गलबार एक सय ८६ गाडी फोहोर ल्यान्डफिल साइटमा लगिएको थियो । आज पनि प्रहरीकै सहयोगमा फोहर व्यवस्थापनको काम भइरहेको छ । स्थानीयको अवरोध भने कायमै छ ।रासस

# कारागारभित्रै अस्पतालको व्यवस्थापन गरिने



काठमाण्डु । कारागारभित्र बन्दीका लागि उपचारका लागि छुट्टै अस्पताल वा स्वास्थ्यचौकीको व्यवस्थापन गरिने भएको छ।

कारागारसम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयकमा कारागारमा बन्दीजीवन विताइरहेकालाई उपचार गर्न भित्रै छुट्टै अस्पताल वा स्वास्थ्य चौकी स्थापना गर्न भनिएको छ।

विधयेकमा पाँच सय बढी बन्दी रहने प्रत्येक कारागारामा तोकिए बमोजिम शयूया रहेको एउटा अस्पताल र सोभन्दा कम बन्दी रहने कारागारमा एउटा स्वास्थ्यचौकीको व्यवस्था गर्नुपर्ने उल्लेख छ।

प्रतिनिधिसभा राज्य व्यवस्था तथा सुशासन समितिले विधेयकमाथि संशोधन गर्दै कारागारभित्रका सबै बन्दीलाई चिकित्सकद्वारा कम्तीमा दुई महिनामा एक-पटक नियमित र आवश्यकता अनुसार निःशुल्क स्वास्थ्यपरीक्षण र उपचारको व्यवस्था गर्नुपर्ने छ।

यस्तै बन्दीले नियमितरुपमा सेवन गर्ने औषधि कारागार कार्यालयले उपलब्ध गराउनुपर्ने, कारागार प्रशासकले बन्दीको प्रजनन् अधिकार संरक्षण गर्ने प्रयोजनको लागि तोकिए बमोजिम गराउनुपर्ने, एउटै कारागारका पुरुष र महिला बन्दी वा कारागारमा रहेको बन्दीसँग कारागारमा नरहेको पुरुष वा महिलाले विवाह गर्ने चाहेमा विवाह दर्ताका लागि कारागार प्रशासक समक्ष निवेदन दिनुपर्ने र विवाह दर्ता गर्न अनुमति दिनुपर्ने उल्लेख छ।

यस्तै विधेयकमा कारागार प्रशासकले तोकिएकोभन्दा बढी बन्दी रहेमा आवश्यकता अनुसार आधारभूत, माध्यमिक, खुला वा दूर शिक्षाको लागि आवश्यक व्यवस्था मिलाउनुपर्ने, निरक्षरलाई प्रौढ, अनौपचारिक शिक्षा वा त्यस्तै अन्य प्रकृतिको पठनपाठनको लागि आवश्यक प्रबन्ध मिलाउनुपर्ने उल्लेख छ।

विधेयक राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिमा दफावार छलफल भइरहेको छ । आज समितिका ज्येष्ठ सदस्य नारायणदत्त मिश्रको सभापतित्वमा भएको छलफलमा विभिन्न संशोधनका बुँदा समिति सदस्यले राख्नुभएको समितिका उपसचिव नुमराज खनालले जानकारी दिनुभयो । भोलि पनि विधेयकमा दफावार छलफल हुनेछ ।रासस

# बालबालिकामा हात्तीपाइले रोगको सर्वेक्षण गरिँदै

भक्तपुर । जिल्ला स्वास्थ्य कार्यालय र कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्रले यहाँ हात्तीपाइले रोगको अवस्थाका बारेमा जिल्लास्तरीय सर्वेक्षण गर्ने भएका छन् ।

हात्तीपाइले रोगको वास्तविक अवस्था कस्तो छ भन्ने जानकारी लिन र रोग निवारणका लागि आवश्यक नीति बनाउने उद्देश्यले जिल्लाका चार नगरपालिकाका ४० विद्यालयमा सर्वेक्षण गर्न लागिएको हो।

कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्रका निर्देशक केशवराज पण्डितले सन् २०१३ मा भक्तपुरमा १३ प्रतिशतमा हात्तीपाइले रोगका बिरामी रहेका र त्यसपछिको अवस्था के छ, भक्तपुरलाई हात्तीपाइले रोग निवारणमुक्त जिल्ला बनाउन के गर्ने भन्नेबारेमा नीति बनाउन सर्वेक्षण गर्न लागिएको बताउनुभयो ।

जिल्ला स्वास्थ्य कार्यालयका महामारी फोकल पर्सन दीपक अछामीले हात्तीपाइले रोगको ओखती जान्ने बुझ्नेले पनि नखाँदा जोखिम बढेको बताउनुभयो । उहाँले विद्यालयमा कक्षा १ र २ मा अध्ययनरत छ/सात वर्ष उमेर समूहका विद्यार्थीमा नमूना परीक्षण गरी सर्वेक्षण गरिने बताउनुभयो । रासस

# भरतपुर महानगरको बेरुजु घटाउन समिति सक्रिय

चितवन । भरतपुर महानगरपालिकाले बेरुजु फछ्र्यौटका लागि क्रियाशीलता देखाएको छ।

महानगरमा गठित लेखा समितिले बेरुजु फछ्र्यौटका लागि काम अघि बढाएको हो । सङ्घ संस्था र व्यक्ति विशेषलाई टेलिफोन र पत्राचार गरी बेरुजु फछ्र्यौट गर्न ताकेता गरिएको छ।




महानगरको ११औँ नगरसभाले भरतपुर महानगरपालिका-१ का अध्यक्ष केशब महर्जनको संयोजकत्वमा लेखा समिति गठन गरेको थियो । समितिका सदस्य सचिव महानगरका लेखा प्रमुख जगन्नाथ अर्यालका अनुसार पुरानो बेरुजु धेरै छ। नगरपालिका स्थापनादेखि हालसम्म आइपुग्दा बेरुजु रु एक अर्ब भन्दामाथि छ।

पछिल्लो पटक जनप्रतिनिधि आएपछि पाँच वर्ष यताको बेरुजु भने रु १२ करोड हाराहारी मात्र छ। सो रकममध्ये धेरै नियमित गर्ने बेरुजु रहेको उहाँ बताउनुहुन्छ।

महालेखा परीक्षकको कार्यालयले आर्थिक वर्ष २०७७/७८ को राष्ट्रपतिलाई बुझाएको वार्षिक प्रतिवेदनमा भरतपुरको बेरुजु ६ महानगरमध्ये सबैभन्दा कम थियो। अर्यालयका अनुसार भरतपुरको ० दशमलव ५६ प्रतिशत बेरुजु थियो भने बढी हुने विराटनगरको १६ दशमलब ५७ प्रतिशत रहेको थियो । महानगरले हाल भएको बेरुजुको अध्ययन गर्ने र नियमित प्रकृतिको बेरुजुलाई फछ्र्यौट गर्ने गरी तयारी गरेको छ।

समितिले तयार पारेको बेरुजुको फछ्र्यौट गर्न कार्यापालिका बैठकमा पेस गर्ने गरी आफ्ना कामलाई अगाडि बढाएको उहाँले जानकारी दिनुभयो । नगरसभाले निर्णयगरेको बेरुजु महालेखा परीक्षककोकार्यालयबाटखटिएको टोलीले पुनःअवलोकन गरी फछ्र्यौट गर्दछ।

लेखा समितिले महानगरभित्र निर्माणधीन सडक पूर्वाधार, तटबन्ध र मोज्याक टायल विच्छ्याएको स्थानको अनुगमन गरी महानगरलाई सुझाव बुझाउने काम अघि बढाएको छ । लेखा समितिको क्रियाशीलताले बेरुजुमा कमी आउने, पारदर्शीता कायम हुने र आर्थिक सुशासनमा वृद्धि हुने सचिव अर्यालले बताउनुभयो ।

अर्यालले बेरुजु तत्काल फछ्र्यौट गर्ने परिपाटीको विकासकै कारण बेरुजु कम भएको बताउनुभयो। ऐन, नियम र मापदण्डको पूर्णपालना, उपभोक्ता समितिलाई पेश्की दिन कार्यमा कडाई र बेरुजु फछ्र्यौटमा विशेष जोड दिएकाले अन्य महानगरपालिकाको तुलनामा भरतपुरको बेरुजु निकै कम भएको उहाँको भनाइ छ। कम भएको बेरुजुलाई पनि फछ्र्यौट गर्नुपर्ने भन्दै महानगरपालिकाले क्रियाशीलता बढाएको हो।

महानगर प्रमुख रेनु दाहालले आर्थिक सुशासन र पारदर्शीतामा महानगर अग्रणी रहेको भन्दै बेरुजु फछ्र्यौट गर्न समितिले काम गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "जवाफदेहीता, पारदर्शीता र आर्थिक मितव्ययितामा हामी प्रतिबद्ध छौँ ।" सुशासनमा ध्यान दिँदै जनताको मन जितेर विकासमा महानगर जुटेको उहाँ बताउनुहुन्छ ।रासस

# कर्मचारी आन्दोलनमा



भक्तपुर । नेपाल विद्यालय कर्मचारी परिषद्ले शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमीमा बुधबार धर्ना दिएको छ।

सरकार र नेपाल शिक्षक महासङ्घबीच भएको सम्झौता कार्यान्वयन गर्न माग गर्दै उनीहरूले धर्ना दिएका हुन् ।

सरकारले विद्यालय कर्मचारीलाई विभेद गरेको र आफैले गरेको सहमति पालना नगरेका कारण काठमाडौँ केन्द्रीत आन्दोलनमा उत्रिनु परेको नेपाल विद्यालय कर्मचारी परिषद्का अध्यक्ष गङ्गा तिवारीले बताउनुभयो।

सरकारसँग भएको सहमति कार्यान्वयन गर्न पटक-पटक माग गर्दा पनि सुनुवाइ नभएको भन्दै उहाँले सर्वोच्च अदालतले दिएको निर्देशन कार्यान्वयन गर्नुपर्ने, सरकार र महासङ्घबीच भएको सम्झौता कार्यान्वयन गर्नुपर्ने, तत्काल पूर्ण सेवा सुविधाको ग्यारेन्टी गर्नुपर्ने, विद्यालय कर्मचारी सहायक लेखापालको तलब रु ३६ हजार ७३० र विद्यालय सहयोगीको तलब २६ हजार २१० कायम गरिनुपर्ने माग राखेको बताउनुभयो ।

त्यस्तै आर्थिक वर्ष २०७९/८० मा सरकारले वृद्धि गरेको १५ प्रतिशत तलब वृद्धि विद्यालय कर्मचारीको हकमा पनि लागू हुनुपर्ने, निजामती कर्मचारी तथा शिक्षकलाई दिइरहेको महँगी भत्ता रु दुई हजार उपलब्ध गराउनुपर्ने, विद्यालय कर्मचारीको कोटालाई तहगत दरबन्दीमा परीणत गरिनुपर्ने र विद्यालयमा ६० वर्षसम्म कार्यरत रहेर अवकाश भएका कर्मचारीलाई तहगत रूपमा निजामती कर्मचारीले पाए सरहको सेवा सुविधा दिनुपर्ने लगायतको माग राखेर उनीहरूले धर्ना दिएका हुन् ।

अध्यक्ष तिवारीले आज शिक्षा तथा मानव विकास स्रोत केन्द्र अगाडि दिनभर धर्ना दिने र भोलि भदौ २ गतेदेखि केन्द्रमा तालाबन्दी गरी अनिश्चितकालीन धर्नामा बस्ने जानकारी दिनुभयो ।रासस

# प्रदेश प्रमुख शर्माद्वारा दुई अध्यादेश जारी



बागमती । बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले आज दुई अध्यादेश जारी गर्नुभएको छ।

प्रदेश प्रमुख शर्माले प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश र स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश जारी गर्नुभएको हो।

प्रदेश सरकारको साउन २४ गते बसेको मन्त्रिपरिषद् बैठकको सिफारिसमा प्रदेश प्रमुख शर्माले बुधबार नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम अध्यादेश जारी गर्नुभएकोप्रदेशप्रमुख कार्यालयका प्रवक्ता कृष्णप्रसाद आचार्यले जानकारी दिनुभयो।

एक सय ३९ दफामा समेटिएको प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेशमा प्रदेश इन्जिनियरिङ, कृषि, न्याय, प्रशासन, वन, शिक्षा र स्वास्थ्य सेवा गरी छवटा सेवा रहने व्यवस्था गरिएको प्रदेश प्रमुख कार्यालयका कानुन अधिकृत प्रकाश चापागाईंले जानकारी दिनुभयो।

कानून अधिकृत चापागाईंका अनुसार अध्यादेशमा अधिकृत तहमा छैटौँ तहदेखि एघारौं तहसम्म रहने र प्रदेशका मन्त्रालयमा एघारौँ तहका प्रदेश निजामती सेवाका कर्मचारी सचिव रहने व्यवस्था र सचिवको पदावधि पाँच वर्षको हुने व्यवस्था रहेको छ।

त्यस्तै अध्यादेशले प्रदेश निजामती कर्मचारीको अवकाशको उमेर हद ६० वर्ष कायम गरेको छ । प्रदेश निजामती सेवालाई समावेशी बनाउन खुला प्रतिस्पर्धाबाट पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याइ सोलाई सय मानी महिलालाई ३९ प्रतिशत, आदिवासी जनजातिलाई ३७ प्रतिशत, दलितलाई आठ प्रतिशत, मधेसीलाई सात प्रतिशत, अपाङ्गता भएकालाई पाँच प्रतिशत र पिछडिएको क्षेत्रलाई चार प्रतिशत छुट्याइ पदपूर्ति हुने व्यवस्था अध्यादेशले गरेको छ।

सङ्घीय निजामती सेवा, जुनसुकै प्रदेश र स्थानीय सेवाका स्थायी कर्मचारी प्रदेश लोकसेवा आयोगको पदपूर्ति प्रक्रियाद्वारा बागमती प्रदेशको कुनै निकायमा नियुक्ति वा पदस्थापना भई साविक निकायबाट रमाना लिई आएमा सेवा अवधि जोडिने व्यवस्थासमेत अध्यादेशले गरेको छ।

यस्तै आजै जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ ले प्रदेशभित्रका स्थानीय तहबाट गरिने सेवा प्रवाहको लागि आवश्यक कर्मचारी व्यवस्था गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन, कर्मचारीको नियुक्ति, बढुवा, सरुवा, विभागीय कारबाही, स्थानीय सेवा र सेवाका समूह तथा पदमा एकरुपता तथा सुशासन कायम गर्न अध्यादेशले महत्वपूर्ण कानूनी आधार प्रदान गरेको छ।

यस्तै स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत पद प्रदेश निजामती सेवाको पद हुने व्यवस्था अध्यादेशले गरेको कानुन अधिकृत चापागाईंले जानकारी दिनुभयो ।रासस

# 'सुरेश वाग्ले क्यान्सर सेन्टर' को सेवा शुभारम्भ हुँदै



काठमाण्डु त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा एक सय ४० शयूयाको 'सुरेश वाग्ले क्यान्सर सेन्टर 'निर्माण भएको छ।

क्यान्सरबाट पीडित बिरामीलाई विशिष्टीकृत सेवा प्रदान गर्ने उद्देश्यले रु ५५ करोडको लागतमा सेन्टर निर्माण गरिएको हो । उक्त सेन्टरको चाँडै शुभारम्भ गरिने जनाइएको छ।

नयाँ सेन्टरबाट २५ शयूयाको क्यान्सर वार्ड, २० शयूयाको आइसीयू, ३० शयूयाको एचडीयू, १५ शयूयाको डेकेयर केमोथेरापीलगायतका सेवा प्रदान गरिने अस्पतालका कार्यकारी निर्देशक प्रा डा दिनेश काफ्लेले जानकारी दिनुभयो।

यसबाहेक उक्त सेन्टरमा तीन रेडियोथेरापी बङ्कर, एम्बुलेटरी बेड, बोनम्यारो ट्रान्सप्लान्ट सेन्टरलगायत रहनेछ । अहिले उक्त भवनमा कोरोनाका बिरामी राखेर उपचार गरिँदै आएको कार्यकारी निर्देशक डा काफ्लेले बताउनुभयो । 'अण्डरग्राउण्ड'सहित आठतले उक्त भवनमा कर्मचारी व्यवस्थापन चुनौतीपूर्ण रहेको उहाँको भनाइ छ।

विसं २०४० असार ३१ गते स्थापना भएको त्रिवि शिक्षण अस्पताल महाराजगञ्जले सुरुमा तीन सय शयूयामार्फत सेवा प्रदान गरिएको थियो । हाल उक्त सेवालाई विस्तार गरी एक हजार शयूयामार्फत बिरामीको उपचार गर्दै अस्पतालले जनाएको छ।

त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थानद्वारा सञ्चालित सो अस्पतालले दैनिक दुई हजार हाराहारीमा बिरामीलाई बहिरङ्ग सेवा प्रदान गर्दै आएको छ। उक्त अस्पतालले ३६ विभिन्न विभागमार्फत बिरामीको उपचार गर्दै आएको कार्यकारी निर्देशक प्रा डा काफ्लेले बताउनुभयो ।

टिचिङ अस्पतालले गत आर्थिक वर्षमा चार लाख ५० हजार बिरामीलाई बहिरङ्ग सेवा प्रदान गरेको थियो भने एक हजार सात सय कडा खालको रोगको समेत उपचार गरेको थियो । कडा खालको रोगमा क्यान्सर, किड्नी, स्पाइनल इन्जुरी, अल्जाइमरलगायत रहेका छन् ।रासस

# आठ स्रष्टालाई प्रज्ञा पुरस्कार




काठमाण्डु । नेपाल प्रज्ञा-प्रतिष्ठानले भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनशास्त्रका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनुभएका आठ स्रष्टालाई प्रज्ञा पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ।

प्रतिष्ठानको गत साउन ३० गते सम्पन्न प्राज्ञ सभाको ३७औँ बैठकले २०७९ सालका लागि रुपन्देहीका रामचन्द्र भट्टराईलाई 'नेपाल प्रज्ञा नेपाली साहित्य पुरस्कार', पहाडी-हिमाली क्षेत्रमा बोलिने मातृभाषाका साहित्यका लागि दोलखाका खेन्पो डवाङ वोसेर लामा शेर्पालाई 'नेपाल प्रज्ञा मातृभाषा साहित्य पुरस्कार' तथा मधेश-तराईमा बोलिने मातृभाषाको साहित्यका लागि कञ्चनपुरकी शर्मिलाकुमारी चौधरीलाई 'नेपाल प्रज्ञा मातृभाषा साहित्य पुरस्कार' दिने निर्णय गरेको छ । पुरस्कारको राशि जनही रु एक लाख छ।

यस्तै भोजपुरका प्रा डा प्रेमकुमार खत्रीलाई 'नेपाल प्रज्ञा संस्कृति पुरस्कार', काठमाडौँका प्रा विद्यानाथ उपाध्यायलाई 'नेपाल प्रज्ञा दर्शनशास्त्र पुरस्कार' र काठमाडौँकै डा नयनाथ पौडेललाई 'नेपाल प्रज्ञा सामाजिक शास्त्र पुरस्कार' प्रदान गर्ने निर्णय भएको प्रतिष्ठानका सदस्यसचिव प्रा जगतप्रसाद उपाध्यायले जानकारी दिनुभयो । पुरस्कारको राशि जनही रु एक लाख छ।

यसैगरी २०७८/७९ का लागि भारतको दार्जिलिङका नरबहादुर दाहाललाई रु दुई लाख राशिको 'भानु प्रज्ञा अन्तरदेशीय नेपाली साहित्य पुरस्कार' र झापाका प्रा डा गोविन्दराज भट्टराईलाई रु दुई लाख राशिकै 'नेपाल प्रज्ञा अनुवाद पुरस्कार' प्रदान गर्ने निर्णय गरिएको छ। यी पुरस्कार प्रत्येक दुई वर्षमा प्रदान गरिन्छन् ।

प्रत्येक चार वर्षमा प्रदान गरिने नेपालकै सर्वोच्च र विशिष्ट पुरस्कार रु चार लाख राशिको 'पृथ्वी प्रज्ञा पुरस्कार' र तीन हजार अमेरिकी डलर राशिको 'नेपाल प्रज्ञालङ्कार' दुई वर्षअघि नै वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी र चीनका प्राध्यापक वाङ हङ्वेईलाई प्रदान गरिसकिएको छ ।रासस


## सूची दर्ता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९।५।२**

व्यावसायिक तथा सीप विकास तालिम केन्द्र जनकपुरवाट आ.ब.२०७९।८० को लागि छोटो अवधिको सीप विकास तालिम तोकिएको विषय, अवधि, समूह, संख्या र स्थानमा सञ्चालन गर्नु पर्ने भएकोले इच्छुक CTEVT बाट संबन्धन प्राप्त गरेका, विगत ३ वर्षदेखि समान प्रकृतिका काम सम्पन्न गरेका तालिम प्रदायक फर्म वा कम्पनीहरुले दर्ता प्रमाणपत्र, मु.अ.करमा दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.व. २०७७।०७८ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिको नोटरी समेत गराई यस तालिम केन्द्रबाट रु.१०००।- तिरी प्राप्त हुने आसय पत्रमा माग गरिएको विवरण सहित आसयपत्रको साथ सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा सूचि दर्ता गराउनु हुन जानकारी गराईन्छ। विस्तृत सूचना तालिम केन्द्रको वेवसाईट vsdtcdhanusha.madhesh.gov.np बाट download गर्न सकिनेछ। सम्पर्क नं ०४१५२२६३७



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# निर्वाचन प्रणाली परिवर्तन गर

वर्तमान निर्वाचन प्रणाली महँगो भएको भन्दै समानुपातिक निर्वाचन प्रणालीको माग उठ्न थालेको छ। वर्तमान संसदीय प्रणालीले राजनीतिक अस्थिरता बढाएकोले त्यसलाई अन्त्य गरी राजनीतिक स्थिरता कायम गर्दै विकास र समृद्धिको बाटोमा लाग्न प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली विकल्पको रुपमा देखिएको छ। अहिलेको व्यवस्थाले निर्वाचन प्रणाली महंगिएको छ, करोडौ खर्चेर चुनाव जितेकाहरु बाट सेवाको अपेक्षा गर्न सकिदैन। महँगो निर्वाचन प्रणाली परिवर्तन गरी प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली र पूर्ण समानुपातिक संसदीय निर्वाचनले कम खर्चिलो हुने देखिन्छ। भ्रष्टाचार नियन्त्रण गर्नुका साथै समृद्धिको बाटोमा लाग्न मद्दत पुऱ्याउछ। सांसदहरु मन्त्री बन्ने व्यवस्थाको अन्त्य भए चुनावमा हुने खर्च आफै नियन्त्रित हुने र भ्रष्टाचार पनि अन्त्य हुने देखिन्छ। निर्वाचनमा हुने करोडौंको खर्चले विजयी भएकाहरुले आफ्नो खर्च उपर गर्नकालागि भ्रष्टाचार गर्ने गरेका कारण त्यसकोनै अन्त्य गरिए भ्रष्टाचार अन्त हुने देखिन्छ। जनताले पनि समानुपातिक निर्वाचनमा उम्मेदवारहरुलाई खर्च गराउने परिपाटी बन्द हुने देखिन्छ। अहिलेको अवस्थामा हुने खानेहरु मात्रै निर्वाचित हुने देखिन्छ तर, योग्य र शिक्षितहरु अहिले पनि पाखा लागेका छन्। योग्य र शिक्षितहरु जव सम्म निर्वाचित हुँदैन् तव सम्म मुलुकमा विद्यमान समस्याहरु समाधान हुने अवस्था देखिदैन्। निर्वाचनको समयमा हुने अत्यधिक खर्च नियन्त्रण संगै मुलुकले स्थायी सरकार पाएपछि विकास निर्माणको काम संगै मुलुक समृद्धिको बाटोमा हिड्ने छ। जनताको भावनाको कदर हुन्छ र मुलुक स्थायीत्व पाउने देखिएकाले वर्तमान निर्वाचन प्रणाली फेर्नुपर्ने मात्र विकल्प देखिन्छ। अहिले सदनमा जुन प्रकारले सांसद खरिद बिक्री हुने गरेका छन् त्यसको पनि अन्त हुनेछ। जनताले पठाएका आफ्ना जनप्रतिनिधि बिक्री भई सकेको हुन्छ तर थाहा हुँदैन् तर, समानुपातिक निर्वाचन प्रणालीमा जनताले मतदान गरेका पार्टीका सांसद खरिद बिक्री नहुने भएकाले स्थायीत्व र ठोस सरकारकालागि भएपनि अहिलेको निर्वाचन प्रणाली प्रभावकारी भएको देखिदैन्। समानुपातिक निर्वाचन प्रणालीवाट कयौं मुलुकको कायापलट भएको छ र नेपाल जस्तो विकासोन्मुख मुलुककालागि समानुपातिक निर्वाचन प्रणालीनै महत्वपूर्ण हुने देखिन्छ। कार्यकारी राष्ट्रपति र सांसद तथा कम मन्त्रालय बनाएर मुलुकलाई समृद्धिको वाटोमा डोर्याउन सकिएपनि कार्यकर्ता र नेताहरुको व्यवस्थापनकालागि दिनहुँ मन्त्रालय थपघट हुने गरेको देखिन्छ। त्यसैले वर्तमान निर्वाचन प्रणाली परिवर्तनको विकल्प देखिदैन्।

# नागरिकता विधेयक फिर्ता मधेस प्रतिको दुराग्रह



डा. रामसागर पंडित

राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयक २०७९।४।२९ गते फिर्ता पठाउनु भएको छ। वहाँले विधेयक माथि पुनर्विचार गर्न प्रतिनिधि सभामा फिर्ता पठाउनु भएको हो। राष्ट्रपतिले संविधानको धारा ११३ को उपधारा ३ बमोजिम विधेयक फिर्ता पठाउनु भएको हो। यस सम्बन्धमा नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी जस्ता गठबन्धनमा सामेल दलहरू विरोध जनाएका छन् भने एमाले लगायत केही साना दलहरू राष्ट्रपतिको कदमलाई स्वागत गरेका छन्। यसबाट एमालेको दोहरो चरित्र प्रकट भएको देखिन्छ। सोही कुरा आफूले गरे ठीक अन्यले गरे बेठीक। यसबाट के बुझिन्छ भने नेकपा एमाले एउटा जिम्मेवार विपक्षको भूमिकामा कहीं न कहीं चुकेकै देखिन्छ। उसको भूमिका विरोधको लागी विरोध मात्र रहेको देखियो।

हुनत राष्ट्रपति विद्यादेवी भण्डारी संविधानको धारा ११३ (३) मा राष्ट्रपतिले सन्देश सहित (आर्थिक वाहेक) कुनै पनि विधेयक फिर्ता पठाउन सक्ने व्यवस्था छ। यस अघि राष्ट्रपति भण्डारीले २०७६ जेठ ८ गतेमा राहदानी सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक फिर्ता गरेकी थिइन्। प्रक्रिया पूरा गरेपछि त्यसै वर्षको असोज २७ मा राष्ट्रपति भण्डारीले सो विधेयक प्रमाणीकरण गरेकी थिइन्। अहिलेको नागरिकता विधेयक तथा राहदानी विधेयक प्राकृतिक रूपले एक अर्कासँग भिन्न छन्। अहिले नागरिकता विधेयक फिर्ता गर्नु भनेको नैतिक रूपले समेत एउटा अलंकारिक राष्ट्रप्रमुखको रूपमा रहेकी राष्ट्रपति विद्यादेवी भण्डारीलाई सुहाउँदैन। यस्तै प्रकृतिका अध्यादेश अघिल्लो सरकारले पेश गर्दा खुरु/खुरु जारी गर्दा उहाँमा नैतिक प्रश्न उठेको देखिन्छ। अहिले विधेयक फिर्ता गर्दा जनतामा राष्ट्रपति प्रति विभिन्न प्रश्न उठेका छन्। वहाँ त राष्ट्रकै अभिभावकको भूमिकामा रहनु पर्ने अर्थात निष्पक्ष भूमिकामा रहनु पर्ने हो। अहिलेको विधेयक फिर्तामा कहीं न कहीं मधेस प्रतिको दुराग्रह देखिन्छ। यस्ता कुरामा राष्ट्रपति स्वयं बेला बेलामा विवादमा पर्दै आएकी छन्।

राष्ट्रपति पदमा आउनु भन्दा अघि नेकपा (एमाले) का नेतृको रूपमा हुनुहुन्थ्यो। अहिले वहाँ कुनै पक्षको भूमिकामा हुनुहुँदैन। दोस्रो पटक प्रतिनिधि सभा विघटन हुँदा सरकारलाई सर्वोच्च अदालतबाट सरकार निर्माणको विकल्प छँदा विघटन गर्न पाउँदैन भने आदेश भएको थियो। त्यस बेला पनि तोड्मटोर गरेर ओलीलाई सरकार बनाउन दिएको आदेश विपरित बहुमत प्रतिनिधि सभा सदस्यहरू सशरीर सर्वोच्चमा उपस्थित हुँदा सर्वोच्चको परमादेशद्वारा अहिलेको गठबन्धन सरकार कार्यरत रहेको छ। यसमा पनि वहाँले एमालेको एउटा नेतृको रूपमा आफ्नो भूमिका खेलेको हुनाले विवादमा तानिएकी थिइन्। राष्ट्रपति जस्तो गरिमामय पदमा बस्दा निष्पक्षताको ख्याल गर्नु पर्ने हुन्छ। राष्ट्रपति त सबैका अभिभावक हुन। राष्ट्रले वहाँलाई एउटा निष्पक्ष शीर्ष व्यक्तित्वको रूपमा हेर्न चोहेको छ।

अहिले नेपालमा लाखौं मानिसहरू नागरिकताको अभावमा पिडित छन्। खास गरी यो मधेसको मुद्दा हो। मधेसमा नागरिकता बिनाको जीवन कसो होला विचार गर्नुस् त ! हुनत नेपालमा मधेसीलाई मुलधारमा नल्याई दोस्रो दर्जाको नागरिकको रूपमा हेर्ने गर्दथ्यो। नागरिकता जस्तो संवेदनशील कुरामा समय भै विचार गर्नु पर्ने हुन्छ। धेरै जसो देशमा नागरिकताकै लागि ठूलठूला गृह युद्ध समेत भैसकेका उदाहरणहरू रहेका छन्। मधेस आन्दोलन यसैको आक्रोसमा थियो।

भोली यदि सही रूपले नागरिकता बाँटिएन भने पुनः मधेस आन्दोलन नहोला भने त्यस्को ग्यारेन्टी के छ र ? विधेयक फिर्तामा एमाले खुशी भनाइ रहेको छ। पार्टीका नेताहरू राष्ट्रपतिको कदमलाई स्वागत गरिरहेका छन्। एमालेको क्रियाकलापलाई हेर्दा राष्ट्रपतिले उनीहरू कै भनाइमा फिर्ता गरेकी छिन् जस्तो भान हुन्छ। एमालेका नेताहरूले विचार गर्नु पर्छ र राष्ट्रपति जस्तो गरिमामय पदमा आसीन व्यक्तित्वलाई विवादमा तान्ने काम गर्नु हुँदैन। हाम्रो संविधानले राष्ट्रपतिका पदलाई एउटा अभिभावकको रूपमा राखेको छ। संविधानले नै सीमित बनाइ दिएको पदलाई जथाभावी कुनै पार्टीको काम कार्वाहीलाई सहर्ष स्वीकार गर्नु र अन्य पार्टीहरूका अत्यधिक बहुमतको निर्णयलाई अस्वीकार गर्नु सोझो रूपले पक्षपातपूर्ण रबैयालाई प्रष्टाउँछ।

यहाँ भन्दा अघिको राष्ट्रपति रामवरण यादव हुनुहुन्थ्यो। वहाँको कार्यकालमा यस्ता विवादित कुराहरूले कहिले पनि ठाउँ पाएन। वहाँको कार्यकाललाई पूरै देशले प्रशंसा गरि रहेका छन्। वहाँ अहिले पनि आफ्नो व्यवहारलाई बडो तटस्ततासँग व्यवहारमा उतारि राखेको देखिन्छ। देश र संविधान माथि कुनै किसिमको अवैध कामहरू ठाउँ लिन्छ भने जो पनि राष्ट्रवादीले विरोधमा उतर्नु स्वभाविकै हो। पूर्व राष्ट्रपति डा. रामवरण यादवले पनि समय-समयमा जनता तथा सरकारलाई सचेत गराएका छन्। ओलीबाट प्रतिनिधि सभा विगठन गर्दा ठाढो रूपमा आफ्नो मन्तव्य राख्नु भएको थियो किनभने वहाँको काम संविधान विरोधी थियो। लोकतंत्रमा कानून भन्दा माथि कोही पनि हुँदैन र राष्ट्रपतिलाई पनि कानूनलाई मिच्ने अधिकार छैन।

वहाँले त झन कानूनलाई बचाउने पो काम गर्दै जानु पर्दछ। यहाँको विगतको काम कारवाही समेत निष्पक्ष देखिएन। कहिले शपथ ग्रहणमा, त कहिले प्रतिनिधि सभा विघटन ताका पक्षपात पूर्ण कामले जनता बीच सोझो रूपमा उपस्थित भएको देखिन्छ। शपथ ग्रहण कै क्रममा ओलीले शपथ ग्रहण गर्ने बेला हुँदैन भन्दा मुसुमुसु हाँसेर पन्छाइ दिनु र देउवाको शपथ ग्रहणका बेला शब्दै फरक गर्न खोज्नुले के देखाउँछ विचारणीय पक्ष देखिन्छ। देश सबैको साझा हो। राजतन्त्रको बेला देश राजाको अन्तर्गत थियो। राजा सर्वोपरि थिए। राजामाथि कसैले पनि कुनै किसिमको विरोधका आवाज उठाउन पाउँदैन्थे। अहिले देश सबैको साझा देश बनेको छ। एउटा सामान्य मान्छेदेखि कुनै विशिष्टसम्मले समान व्यवहार गर्न पाउँछन्। कानूनले प्रमुखता पाएको छ। नागरिकता एउटा राष्ट्रिय समस्या हो। यस्ता समस्यामा जनताबाट निर्वाचित जनप्रतिनिधिहरूले बढी चनाखो हुनु पर्दछ। यदि समयमै यस्ता राष्ट्रिय समस्याको समाधान भएन भने एउटा अझ विकराल समस्याको रूपमा भोली नआउने हो भन्न सकिन्न। यस देशलाई सबैले सिंचित गरेको छ। एकातिरबाट चीन र तीन तिरबाट भारतले घेरेको छ। चीन तिरबाट पहाडै पहाड भएको कारण चीनको स्वशासित क्षेत्र तिब्बतबाट आवत जावत गर्न निकै कठिनाइ छ। भारतसँग अति पुरानो सांस्कृतिक सम्बन्ध छ। तराई भागमा अधिकांश मधिसे मानिसहरूको बसोवास छ। भारतीय सीमामा नेपालका प्रहरीले गर्ने निगरानी अधूरो छ। यसलाई मधिसे जनताले सुरक्षित पारेका छन्। एक ईंच जग्गा भारतद्वारा अतिक्रमण भयो भने तुरून्त आफ्नो बुता अनुसार विरोध गर्न पछि पर्दैनन्। त्यति मात्र कहाँ हो र ? आफूसँग रहेको हात हथियार समेत उठाउन पछि पर्दैनन्। तर मधेसीहरू जुन बेला पनि नेपाली सरकारबाट ठगिएका छन्। यसपालि जागेको आशामा पनि राष्ट्रपतिको कामकार्वाहीले पानी फेरेको छ। हुनत राष्ट्रपतिले आफ्नो सम्पूर्ण शक्ति लगाएर पनि पूर्णरूपेण नागरिक विधेयकलाई निस्तेज पार्न सकिँदैनन्। पुनः प्रक्रिया पूरा गरि प्रतिनिधि सभाबाट पठाइए पछि उहाँलाई प्रमाणित गर्न करै लाग्छ।

> ***नागरिकताको सबै भन्दा बढी आवश्यकता मधेसीलाई छ किनभने मधेसीसँग विभेद हुँदै आएको छ। पुरै तराईमा बसोवास गर्ने धर्तीपुत्रले नै नेपालका लागि अन्न उत्पादन गर्ने मधेसी कसरी गैरनागरिक हुन सक्छ ? यस्तै जालझेलबाट अहिले पनि नागरिकता वितरणलाई रोक्न चाहनेहरू सक्रिए रहँदै आएका छन्। विधयेक फिर्ताबाट सबै भन्दा बढी खुशी नेकपा (एमाले) भएको छ।***

यस्तै २०७६ जेष्ठ ८ गतेमा राहदानी सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक फिर्ता गरेकी थिइन्। प्रक्रिया पूरा गरे पछि त्यसै वर्षको असोज २७ मा राष्ट्रपति भण्डारीले सो विधेयक प्रमाणीकरण गरेकी थिइन्। अहिले राष्ट्रपति ९ सवाल उठाउँदै नागरिकता विधयेक फिर्ता गरेकी छन्। तर यी बुँदाहरू स्पष्ट रहेको देखिँदैन। यसलाई नेकपा (माके) का प्रमुख सचेतक देवप्रसाद गुरूङले पनि राष्ट्रपतिको सन्देश अस्पष्ट रहेको टिप्पणी गरेका हुन्। यसबाट के देखिन्छ भने राष्ट्रपतिबाट यो नागरिकता विधयेक फिर्ता पठाउनुको मूल अर्थ यसलाई उल्झाउनलाई मात्र हो। यसमा एमालेको दोधारे मत देखियो। यस्तै कुराहरू आफूले पठाएको अध्यादेशमा उल्लेख भएका कुराहरू ठीक र अहिले बेठीक रहनु भनेको एमालेले विरोधको लागि विरोध गरेको देखिन्छ। हुनत नागरिकता सम्बन्धी कुरामा मधेसी प्रति एमालेको कहिले पनि प्रष्ट विचार आएन। जनतालाई मात्र देखाउन अध्यादेशबाट ल्याएका थिए र अर्कोतिर सर्वोच्चमा मुद्दाद्वारा रोकाउन लगाएको थियो। यसरी दोहरो चरित्रलाई जनता पनि चिनिसकेका छन्। एमाले त यस विधेयकलाई सहर्ष स्वीकार गरेर अगाडि बढनु पर्दथ्यो किनभने सबभन्दा पहिले नागरिकता अध्यादेश एमाले नै ल्याएको थियो। अहिले प्रष्ट भइसकेको छ कि त्यो अध्यादेश देखाउनलाई मात्र थियो। अब यसको बिकल्प के त। फिर्ता विधेयक प्रतिनिधि सभामा जानेछ। प्रतिनिधि सभा नियमावलीको नियम १३६ अनुसार अब फिर्ता पछिको प्रक्रिया अवलम्बन हुनेछ। नियम १३६ मा भनिएको छ कि संविधानको धारा ११३ को उपधारा (३) बमोजिम राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भएमा पुनः विधेयकमा छलफल हुनेछ। छलफल प्रक्रिया सकिएपछि विधेयक पुनः प्रमाणीकरणका लागि पठाइने छ। यसलाई संशोधन गरेर वा जस्ताको तस्तै प्रमाणिकरण गरी पठाउन सक्ने छ।

अहिले पठाइएको विधेयक अधिकतम् प्रतिनिधि सभाका सदस्यहरूद्वारा पारित गरिएको थियो तर राष्ट्रपतिद्वारा सो विधयेक फिर्ता पठाइएकोमा विभिन्न प्रश्नहरू खडा भएको देखिन्छ। तत्कालिन प्रधानमंत्री केपी शर्मा ओलीले ल्याएको नागरिकता अध्यादेश छिट्टो भन्दा छिट्टो प्रमाणिकरण गर्नु र अहिलेको विधेयक १३ दिन लगाएर अध्ययन गरेर फिर्ता पठाउनुको तारतम्य मिलेको देखिँदैन। नागरिकताको सबै भन्दा बढी आवश्यकता मधेसीलाई छ किनभने मधेसीसँग विभेद हुँदै आएको छ। पुरै तराईमा बसोवास गर्ने धर्तीपुत्रले नै नेपालका लागि अन्न उत्पादन गर्ने मधेसी कसरी गैरनागरिक हुन सक्छ ? यस्तै जालझेलबाट अहिले पनि नागरिकता वितरणलाई रोक्न चाहनेहरू सक्रिए रहँदे आएका छन्। विधयेक फिर्ताबाट सबै भन्दा बढी खुशी नेकपा (एमाले) भएको छ। उहाँलाई लाग्छ मधेसी नागरिकता बिना जति प्रताडित हुन्छ त्यति राम्रो। बीच बीचमा नेकपा एमालेका नेताहरू नागरिकता सबालमा हामी एक दम खुल्ला छौं बरू अन्य पार्टीले रोकेको छ। अध्यादेशको हबाला दिएर जनतालाई भरोसा दिदै आएकोमा अब विधेयकको विरोध गर्ने कुनै तुकै छैन। विधेयक त स्थायी समाधान गर्न अगाडि बढेको छ। यसमा त एमालेलाई बढी भन्दा बढी खुशी हुनु पर्दथ्यो तर खाने दाँत र देखाउने दाँत प्रष्ट भएको छ।

अन्तमा सही मान्छेले नागरिकता पाउनै पर्छ र कुनै विदेशीले नागरिकता कदापि पाउनु हुन्न। नागरिकता बिना मान्छे कहींको हुँदैन। नागरिकताले उसलाई प्रमाणित गर्दछ कि तिमी नेपाली हौं। त्यसैले यस्ता संवेदनशील कुरालाई पुनः प्रक्रिया पूरा गरी चाडो भन्दा चाडो राष्ट्रपति कहाँ विधेयकलाई पठाइ प्रमाणीकरण गराउन सबै पार्टीहरूका साकारात्मक भूमिकाको अपेक्षा छ। इतिश्री।

**लेखक** : त्रिविका अवकाश प्राप्त सह-प्राध्यापक र अन्वेषक हुनुहुन्छ।

# जीवित सङ्ग्रहालयको पहिचान बोक्दै मध्यपुरथिमि

**रमेश गिरी**

भक्तपुर। मूर्त कला मात्रै होइन, धार्मिक पर्वले परिपूर्ण विभिन्न अमूर्त कला, संस्कृति, पर्व एवं परम्पराको भण्डार ऐतिहासिक मध्यपुरथिमि नगरी यतिबेला धार्मिक एवं ऐतिहासिक महत्व बोकेको परम्पराले नाचिरहेको छ। प्रत्येक वर्ष वैशाख २ गते सिन्दूर जात्रा, जिब्रो छेड्ने जात्राले मात्रै होइन, गाईजात्राको भोलिपल्ट द्वितीयादेखि पञ्चमीसम्म चार दिन तीन रात अनवरत रूपमा टोलटोलमा नाचिने विभिन्न देवीदेवताका नाचले मध्यपुरथिमि यतिबेला सांस्कृतिक उत्सवमा रमाइरहेको छ। विभिन्न देवीदेवताका मुकुन्डो धारण गरी धार्मिक, सांस्कृतिक र ऐतिहासिकतालाई जीवन्त राख्दै मध्यपुरथिमिको टोलटोलमा नीलबाराही प्याँख, भैल प्याँख, महाकाली प्याँखजस्ता नाचहरू नाच्दै देवीदेवताको पहिचानलाई जीवित सङ्ग्रहालयको रूपमा यथावत राख्न सफल भएको नगर प्रमुख सुरेन्द्र श्रेष्ठ बताउनुहुन्छ। यतिखेर विभिन्न बाजाको तालमा विभिन्न धार्मिक एवं सांस्कृतिक महत्व बोकेको फरकफरक नाचहरूको प्रदर्शन हेर्दा यहाँको कला, संस्कृतिको धरोहरलाई जीवन्त राख्न यहाँका बासिन्दा निकै जुर्मुराएका छन्।

मध्यपुरथिमिभित्र विभिन्न देवीदेवताको मुकुन्डो धारण गरेर नाचिने यस्ता नाचहरू कुनै डबलीमा प्रस्तुत गरिने नाटकीय भने होइनन्। यी नाचभित्र तान्त्रिक र दैवी शक्तिको बास हुने यहाँका धार्मिक एवं नाचका गुरुहरू र स्थानीय बासिन्दा बताउँछन्। यी नाचहरूको अवलोकन गर्न मध्यपुरथिमिको बासिन्दा मात्रै होइन, उपत्यकाका नेवार समुदायको बाहुल्यतासँगै अन्य जातजातिसहितको हजारौंले अवलोकन गरिरहेका छन्। यस वर्ष नेपालका उपराष्ट्रपति नन्दबहादुर पुनले पहिलो दिन गत शनिबार राति र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री जीवनराम श्रेष्ठले सोमबार राति महाकाली र भैरव नाचको अवलोकन गर्नुभएको नगरपालिकाका उपप्रमुख विजयकृष्ण श्रेष्ठले जानकारी दिनुभयो। यस वर्ष मध्यपुरथिमिमा नीलबाराही, भैरव र महाकाली नाच प्रदर्शन गरिएको छ।

**नीलबाराही नाच**

मध्यपुरथिमिको बोडेमा प्रसिद्ध नीलबाराही मन्दिर छ। नीलबाराही जङ्गलको छेउमा रहेको यो मन्दिर यहाँका बासिन्दाको धार्मिक आस्थाको धरोहर हो। नीलबाराही देवीप्रतिको धार्मिक विश्वास, आस्थालाई यहाँका बासिन्दाले जीवन्त राख्दै आएका छन्। त्यसको उदाहरण हो द्यो प्याँख अर्थात नीलबाराही नाच। मध्यपुरथिमिको बोडेमा हरेक वर्ष गाईजात्राको भोलिपल्टको मध्यराति अर्थात् भाद्र द्वितीयादेखि पञ्चमीसम्म नीलबाराही नाच चार दिन तीन रातसम्म यहाँको टोलटोलमा प्रदर्शन गर्ने गरिन्छ। नाचमा भैरव एक, बाराही चार, कुमारी चार, सिंह चार द्वारपाल दुई र गणेश चार गरी १९ देवगणले नाच नाच्ने गर्दछन्। देवता १९, गुरु छ, १९ जना देवताका सहयोगी, बाजा बजाउने नौ जनाको नाचमा प्रत्यक्ष संलग्नता रहने गर्दछ।

बोडेको लाकुछेँबाट सुरु भई लाछी, लाछ्कुछेँ, विष्णुघाट, महालक्ष्मी थान, भाँगुटोल, खासी टोल, नीलबाराही हुँदै पुनः खासी टोल भएर लाकुछेंमा आएर मुकुन्डो निकालेपछि समापन हुने स्थानीय दिलकृष्ण प्रजापतिले जानकारी दिनुभयो। प्रत्येक टोलको चोकमा धाँ बाजा, भुस्या, काँय, पाँगा बाजाको तालमा परम्परागत नीलबाराही देवीकोनाच देखाउने र यहाँका बासिन्दाले पूजा एवं दान दक्षिणा दिने परम्परा रहेको छ। दैनिक १० देखि १४ घन्टासम्म परम्परागत नियममा बाँधिएर नाच्नुपर्ने नीलबाराही नाच कहिलेदेखि सुरु भयो भे यकिन तथ्य फेला नपरे पनि भक्तपुरको नवदुर्गा नाचसँगै सुरु भएको हुनुपर्ने प्रजापतिको भनाइ छ। २६ वर्षदेखि पोङ्गा पूजामा सहभागी हुँदै आउनुभएका ४५ वर्षीय रोमन धों श्रेष्ठ आफ्नो पुर्खाको आठ पुस्ता अगाडिदेखि नीलबाराही नाचमा सहभागिता रहँदै आएको बताउँदै उहाँले देवगण फेरिँदा पनि पोङ्गा पूजाको कोटा नफेरिने बताउनुहुन्छ। नाचमा सहभागी हुने देवगणको मृत्युबाहेक नीलबाराही देवीको दैवी शक्तिले बाहेक अरू अवस्थामा देवगण फेर्न नपाइने उहाँको भनाइ छ।

उहाँ भन्नुहुन्छ, "हामीले चाहेर आफूखुसी देवगण फेरिने होइन, यो त नीलबाराहीको अदृश्य दैवी शक्तिले फेरिने हो। विसं २०१५ मा एकपटक देवीको शक्तिले देवगण परिवर्तन भएको थियो, त्यसपछि अझै त्यो अवसर आएको छैन, त्यसैले ७० वर्षभन्दा माथि ७५ वर्षसम्मका आठजना देवगणले अझै पनि नाचिरहनुभएको छ।" त्यतिबेला देवगण फेरिँदा सिंहका रूपमा नाच्ने राजकुमार पाँ श्रेष्ठ अहिले नाच्ने १९ देवगण मध्येका जेठो हुनुहन्छ। देवगणको मृत्यु भएपछि पनि उहाँको ठाउँ उहाँकै परिवारभित्रको सदस्यले लिनुपर्छ, अरूलाई दिन पाइँदैन। तान्त्रिक शक्तिबाट देवगण हस्तान्तरण गर्नुपर्छ भन्ने मान्यता रहेको छ।

नाचको किंवदन्तीबारे प्रजापतिले भन्नुभयो, "परापूर्वकालमा खेतमा काम गर्न गएका बोडे सहरका स्थानीय धौं जातका एक व्यक्ति हराए, अचानक उनी घर नर्फिकएपछि चारैतिर खोजी भयो तर भेटिएनन्। चार दिनपछि उनी फर्किए र आफूलाई खेतमा जाँदा नीलबाराही देवीले लगेर नीलबाराही जङ्गलमा चार दिनसम्म कसैले नदेख्ने गरी राखेर नाचको सम्पूर्ण विधिविधान सिकाएर यो नाच हरेक वर्ष चलाउनु भनेर पठाएको बताएपछि त्यस वर्षदेखि यो नाच सुरु भएको किंवदन्ती छ।" नीलबाराही जङ्गलमा नाच सिकाएको ठाउँ अहिले पनि रहेको स्थानीयवासीको भनाइ छ।



नाचका मूल गुरु ७२ वर्षीय सानुकान्छा बालाका अनुसार नाच अवधिभर देवगणले खान हुँदैन, भुइँमा बस्न हुँदैन, कसैसँग बोल्न हुँदैन, घामपानीमा छाता ओढ्न हुँदैन, दिसापिसाब गर्न हुँदैन र जुत्तासमेत लगाउन हुँदैन, नाच नाच्नेहरूले निकै कडा नियमको पालना गर्नुपर्छ। देवगणले मुकुन्डो लगाएर घण्टौंसम्म टोलटोल घुमेर नियमित नाच्नुपर्छ, गाह्रो भए पनि कहीँ बस्न पाइँदैन, बस्नै परे पनि ज्वकालुको काखमा या जिउमा अडेस लगाएर बस्नुपर्छ। नाचको अगाडि र पछाडि बाल्ने चिराग पनि निभ्नु हुँदैन। बत्ती निभ्यो भने देवता हुनेको पेट दुख्ने तथा बान्ता आउँछ भन्ने जनविश्वास छ। जात्रामा काटमारसमेत गर्नु हुँदैन। परम्परागत नियमभन्दा बाहिर गए बोडेवासीलाई अनिष्ट हुने जनविश्वास अझै रहेको छ।

बिहानीपख देवगणलाई पूजा गर्ने स्थानीयको घुइँचो लाग्ने गर्छ। जात्रा पहिलो बिहान सकिन्छ, दोस्रो दिन भने बिहान ४ बजे सुरु भएर साँझ सम्पन्न हुन्छ भने तेस्रो दिन बिहान सुरु भएर साँझ र चौथो दिन बिहानदेखि साँझसम्म नै निरन्तर चलिरहन्छ। नाचमा भुस्या बाजाः बजाउँदै आउनुभएका ५९ वर्षीय तेजकुमार व्याय श्रेष्ठ नाच देवता घरबाट निकालेर टोलटोल परिक्रमा गराइने बताउनुहुन्छ। नाच निकाल्नु पहिला द्वितीयादेखि पूर्णिमासम्म 'प्याँखा स्यनेगु' अर्थात् नाचको तयारी गरिन्छ। भगवान्प्रतिको आस्था र परम्परा जोगाउनकै लागि यहाँका बासिन्दाले नाचलाई निरन्तरता दिइरहेका छन्।

**भैल प्याँख अर्थात् भैरव नाच**

आर्थिक अभावका कारण ४५ वर्षसम्म बन्द भएर लोपोन्मुख अवस्थामा पुगेपछि स्थानीयवासीको पहलमा सुरु भएको मल्लकालीन तान्त्रिक लाय्कू भैलः अर्थात् भैरव नाच पनि अर्थात् भाद्र कृष्ण द्वितीया (गुँलागा द्वितीया) देखि ३१ गते पञ्चमीसम्म चार रातभर प्रदर्शन गर्ने गरिन्छ। दुई वर्ष यहाँको युवाको सक्रियतामा पुनः सञ्चालनमा आएको तान्त्रिक एवं ऐतिहासिक भैरव नाच गत दुई वर्ष कोरोना भाइरस सङ्क्रमणका कारण रोकिए पनि यस वर्ष फेरि सञ्चालन भएको छ। मध्यपुरथिमिको लायकू दरबारबाट निस्किएर बालकुमारी मन्दिर प्राङ्गणमा प्रदर्शन गरिएको भैरव नाचमा भैरव दुई, दाःगि अर्थात् कुमारी दुई र ज्यापूँग एक गरी पाँचजना देवगण नाच्ने गरिन्छ। नाचमा यस वर्ष ज्यापुंगःचा रिसल श्रेष्ठ, न्हापा भैलः उज्ज्वल श्रेष्ठ, लिपा भैलः रोमन श्रेष्ठ, न्हापा दायगं सुजल श्रेष्ठ र लिपा दायगं श्रयन श्रेष्ठले नाच नाच्नुभएको छ।

लायकू भैलः नाच तान्त्रिक विधिअनुसार टोलटोलमा प्रस्तुत गर्ने र नाचमा भैरवले खड्ग, कुमारीले डमरु र ज्यापूँगले ज्यापूँग अर्थात् कपालको बियाँ, अक्षता, ताय् भएको भाडो, हातमा लिएर धाःबाजाका साथै नाचका लागि १२ जनाले दागः, आठ जनाले भुस्या, आठ जनाले पोङ्गा र चारजनाले मुहाली बजाई विभिन्न ३० देखि ३२ तालमा नाच्ने परम्परा रहेको नाचका गुरु अर्जुन श्रेष्ठले बताउनुभयो। नाचका क्रममा भैरव र कुमारीले बेलाबेलामा क्रोधित भएर नाच्ने र ज्यापूँगले शान्त बनाउने गर्दछन् भने नाचका लागि १२ जनाले दागः, आठ जनाले भुस्या, आठ जनाले पोङ्गा र चारजनाले मुहाली बजाई सुर ताल दिने संयोजक श्रेष्ठले जानकारी दिनुभयो। शास्त्रीय एवं तान्त्रिक विधिको प्रयोग गरी देवगणहरूको शरीरमा शक्ति प्रवेश गराई नाच नचाउने परम्परा रहेको श्रेष्ठको भनाइ छ। उनीहरूलाई तीन सातादेखि प्रत्येक दिन साँझ नाच प्रदर्शनका लागि तान्त्रिक विधिको प्रयोग गरी प्रशिक्षण दिइएको थियो।

मल्लकालीन लायकू भैलः नाच लायकू, दथुटोल, मरूटोल, बालकुमारी परिक्रमा गरी पुनः लायकू, दुईपोखरी, दिगु भैरवसम्म परिक्रमापछि पुनः लायकू दरबारमा पुऱ्याइन्छ। मन्त्रोचारण गरी नाच निकाली सकेपछि नाच समापन नभएसम्म देवगणले कसैको जुठो खान नहुने, शुद्ध भएर बस्नुपर्ने प्रावधान रहेको छ। प्राचीनकालमा मध्यपुर थिमि क्षेत्रका बासिन्दालाई भूतप्रेत, पिसाचले दुःख हाहाकार मच्चाएका थिए। त्यसबाट मुक्ति पाउनका लागि लायूकूका सञ्चालकहरू सक्रिय भएर शास्त्रका विज्ञ, तान्त्रिक र विद्वानसँग छलफल गरी स्थानीय मानिसहरूमा तान्त्रिक विद्यामार्फतबाट मानिसको शरीरमा भैरव, कुमारीको शक्ति प्रवेश गराई क्रोधित मुद्रामा टोलटोलमा नचाएपछि भूतप्रेतहरू टिक्न नसकेकाले त्यसपछि यो नाच चल्दै आएको किंवदन्ती रहेको गुरु श्रेष्ठको भनाइ छ।

**महाकाली नाच** :

त्यसैगरी ८८ वर्षपछि मध्यपुरथिमि नगरपालिका-५ दिगुटोलमा यस वर्ष प्राचीन महाकाली नाच प्रदर्शनी गरिएको छ। थिमिको अन्य ऐतिहासिक नाच जस्तै महाकाली नाच पनि गाईजात्राको भोलिपल्ट अर्थात् भाद्र द्वितीयादेखि साँझ ६ देखि राति १ बजेसम्म दैनिक सञ्चालन हुने महाकाली नाच सञ्चालन समितिका संयोजक राधेश्याम प्रजापतिले बताउनुभयो। उहाँका अनुसार यो नाच यस वर्ष भाद्र ३ गते शुक्रबार कृष्ण जन्माष्टमीमा सम्पन्न गर्ने तयारी रहेको छ। यो नाच पहिलो दिन पाचोमा टोल, दोस्रो दिन पोबुमा, तेस्रो दिन गार्चामा, चौथो दिन दिगुटोलमा, पाँचौं दिन बालकुमारीमा र छैटौं दिन नासननीमालगायत नगरका विभिन्न टोलमा प्रदर्शनी गरिएको छ। यस नाचमा महाकाली, महालक्ष्मी, कुमारी, सिंह, बेता, भूत भैरव, कवं, ख्याक, माकः (बाँदर) गरी १७ देवगणको स्वरूपमा नाच सञ्चालन गरिन्छ। महाकाली नाच प्रदर्शनका कारण यस क्षेत्रमा भूत, प्रेत, पिशाच, जल, अग्नि, वायु, भूकम्प, चट्याङ् भय नहुने जनविश्वास रहँदै आएको संयोजक प्रजापतिले बताउनुभयो। मल्लकालदेखि चल्दै आएको महाकाली नाचको मूल गुरु श्रीगोपाल प्रजापति रहेको यो नाच अब हरेक वर्ष सञ्चालन गर्ने गरी तयारी गरिएको अर्का गुरु राजकुमार चक्रधरले बताउनुभयो।

महाकाली नाच विभिन्न २१ वटा तालमा नाच्ने गरिन्छ। विभिन्न फरक-फरक समूह फरक-फरक तालमा नचाइने यस नाचमा मुख्य भूमिकामा देवीहरूको एकल नाच पनि प्रदर्शन गरिन्छ। नाचमा आठ वर्षका बालकदेखि ३५ वर्षका युवा समेतको सहभागिता रहेको छ। यस वर्ष नाचमा देवगणहरू बनेर नाच्नेहरूमा महाकालीमा गोपी प्रजापति, महालक्ष्मी आयुष प्रजापति, महादेवी कृष्ण भासिमा, बेतालमा अमन प्रजापति, रमित प्रजापति, कृजल प्रजापति र सुमन प्रजापति रहेका छन्। त्यस्तै कृष्ण प्याथं र रोम चक्रधर ख्याक, रोहन प्रजापति र सलोन प्रजापति भूत भैरव, निलव प्रजापति र सिजन प्रजापतिले कवाँ, विकेश प्रजापति सिंह, श्रवण श्रेष्ठ र इशान प्रजापतिले माक (बाँदर) र स्वस्थानी प्रजापति दैत्यको भूमिका निर्वाह गरेर नाच प्रदर्शन गरिएको छ। महाकाली नाँचमा धाँ बाजा, दिँ बाजा, मुहाली बाजा र चावी बाजा बजाउने गरिन्छ।

देवासुर सङ्ग्राममा आधारित रहेर कलात्मक ढङ्गले तान्त्रिक विधिअनुसार नाचिने महाकाली नाच भष्मासुर दैत्यका धार्मिक कथामा आधारित रहेर सञ्चालन गरिन्छ। मध्यपुरथिमिको नगदेशमा पनि महाकाली नाच प्रदर्शन गरिँदै आएकामा यस वर्ष भने रोकिएको छ। थिमिमा गाईजात्राको दिन राति अष्टमात्रिका र नागचा नाचसमेत प्रदर्शन गर्ने परम्परा छ।

# महाअभियोग सिफारिस समितिको बैठक : कार्यतालिका ल्याउने



काठमाण्डु । महाअभियोग सिफारिस समितिको आजको बैठकमा सांसदहरूले सो सम्बन्धी प्रतिवेदन यथाशीघ्र सार्वजनिक गर्नुपर्ने धारणा राख्नुभएको छ ।

सिंहदरबारमा बुधबार समितिका ज्येष्ठ सदस्य रामबहादुर विष्टको सभापतित्वमा बसेको बैठकमा प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा विरुद्ध संसदमा दर्ता भएको महाभियोगबारे समय छोटो भएको हुनाले सो सम्बन्धी विषयमा जतिसक्दो छिटो काम अघि बढाउनुपर्ने धारणा राख्नुभएको हो ।

कानून, न्याय तथा मानव अधिकार समितिका सभापति कृष्णभक्त पोखरेलले भन्नुभयो, "प्रधानन्यायाधीशलाई महाभियोग ठहर्नैपर्छ भन्ने छैन, ठहर्नै हुँदैन भन्ने पनि छैन, दोषी भए दोषी वा निर्दोष भए निर्दोष भन्न तयार छौं ।"

सभापति पोखरेलले पूर्वप्रधानन्यायाधीश सुशीला कार्की र पूर्वन्यायाधीश रणबहादुर बम लगायतमाथि महाभियोग दर्ता भएर अघि नबढेको स्मरण गर्दै कार्यविधिको खाका आएको हुनाले अध्ययनका लागि समय चाहिने र एक महिनाभित्र कसरी टुङ्गोमा लगाउन सकिन्छ भन्ने कार्यविधि तथा कार्यतालिका तय गर्नुपर्ने धारणा राख्नुभयो । सांसद लालबाबु पण्डितले महाभियोग प्रस्ताव दर्ता गर्ने व्यक्तिहरूले यसलाई अघि बढाउनुपर्ने धारणा राख्नुभयो ।

सांसदहरू यशोदा गुरुङ सुवेदी, मीनबहादुर विश्वकर्मा, इकवाल मियाँ, कल्याणी खड्का, प्रमोद साह, शिवमाया तुम्बाहाङ्फेले महाअभियोगको प्रस्ताव दर्ता गरेको छ महिना बितिसकेको हुनाले एक महिनाभित्र सम्पूर्ण काम सक्ने गरी तयारी गर्नुपर्नेमा जोड दिनुभयो । समितिका सभापति विष्टले आगामी बैठकमा कार्यविधिको मस्यौदामाथि छलफल गरिने गरी आज सदस्यलाई मस्यौदा वितरण गरिएको बताउनुभयो । उहाँले अर्को सूचना नआएसम्मका लागि बैठक स्थागित भएको जानकारी गराउनुभयो ।

समितिका सदस्यसचिव लक्ष्मीप्रसाद गौतमले आगामी बैठकमा सभापति चयन गरिने र सचिवालयले कार्यतालिका प्रस्तुत गर्ने जानकारी दिनुभयो ।रासस

# न्यायाधीश, वकिल, कानून व्यवसायी सबैमा उच्च नैतिकता आवश्यक छ : प्रम देउवा



काठमाण्डु । प्रधानमन्त्री शेरबहादुर देउवाले मुलुकमा ऐन, नियम, कानून र अदालतको संख्या पर्याप्त भएर मात्र जनताले शीघ्र न्याय पाउने भन्ने कुराको ग्यारेन्टी गर्न नसकिने बताउनुभएको छ ।

उहाँले यसका लागि अदालत र न्यायाधीश सक्षम, स्वतन्त्र र निष्पक्ष हुनुका साथै न्यायाधीश, वकिल, कानून व्यवसायी सबैमा सकारात्मक सोच र उच्च नैतिकता हुन आवश्यक रहेको उल्लेख गर्नुभएको छ ।

मुलुकी संहिता दिवस, २०७९ को अवसरमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयद्वारा आज यहाँ आयोजित कार्यक्रममा उहाँले मुलुकी संहिताहरूको निष्पक्ष र प्रभावकारी कार्यान्वयन गरी आमजनतालाई सरल र छिटो छरितो रूपमा न्याय प्रदान गर्न सबैले आ-आफ्नो क्षेत्रबाट योगदान गर्नुपर्ने बताउनुभयो । अदालतलाई सबै किसिमका दबाब, प्रभाव र विकृतिबाट मुक्त राख्दै स्वतन्त्ररूपमा न्याय सम्पादन गर्नसक्ने वातावरण निर्माण गर्न सबैको सहयोग आवश्यक रहेको प्रधानमन्त्री देउवाको भनाइ थियो ।

विसं २०७५ भदौ १ गते तत्कालीन मुलुकी संहितालाई प्रतिस्थापन गरी मुलुकमा नयाँ फौजदारी र देवानी संहितालगायतका महत्वपूर्ण कानुन कार्यान्वयनमा ल्याइएको थियो । सोही दिवसको सम्झनामा प्रत्येक वर्ष भदौ १ गतेलाई मुलुकी संहिता दिवसको रूपमा मनाइदै आइएको छ । तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाको पालामा नेपालमा पहिलो पल्ट विसं १९१० पुसमा मुलुकी संहिता जारी भएको थियो । राणाले तत्कालीन अवस्थामा बेलायत र फ्रान्सलगायतका मुलुकको भ्रमणपश्चात् ती युरोपेली विभिन्न मुलुकको न्याय संहिताबाट प्रभावित भई सो मुलुकी ऐन जारी गरेका थिए ।

पुराना कानूनी रीतिरिवाज र प्रथालाई परिवर्तन गर्दै तत्कालीन सामाजिक, न्यायिक प्रणालीलाई व्यवस्थित गर्न उक्त मुलुकी ऐनको ठूलो महत्व छ । पछि राजा महेन्द्रको पालामा त्यसमा आमूल सुधार गर्दै आजैका दिन नयाँ मुलुकी संहिता जारी भई नेपाल आधुनिक न्याय सम्पादन प्रणालीको युगमा प्रवेश गरेको थियो ।

मुलुकमा गणतन्त्र र लोकतन्त्रको स्थापनापश्चात् न्याय प्रणालीमा पनि तदनुसार समसामयिक परिवर्तन गरी चुस्त तुल्याउने उद्देश्यले अन्तर्राष्ट्रिय मूल्य मान्यतालाई समेत आत्मसात् गरी विसं २०७४ मा मुलुकी देवानी संहिता, मुलुकी देवानी कार्यविधि संहिता, मुलुकी अपराध संहिता र मुलुकी फौजदारी कार्यविधि संहिताको अलग अलग विधेयक तयार गरी तत्कालीन व्यवस्थापिका-संसद्मा पेश गरिएकोमा संसद्बाट ती संहितासम्बन्धी विधेयक २०७५ साल भदौ १ गतेबाट लागू हुने गरी पारित भएको थियो । यसरी आजको दिन मुलुकको न्यायप्रणालीको विकासको दृष्टिले हेर्दा दूरगामी महत्व राख्ने दिन हो ।

विगतमा मुलुकी ऐनका नाममा सबै किसिमको देवानी तथा फौजदारी अपराधलाई एउटै कानुनबाट प्रशासन गर्दै आइएकामा नेपालको अभ्यासमा रहेका प्रथा, परम्परा तथा कानूनी व्यवस्थाका साथै विश्वव्यापी रूपमा देवानी तथा फौजदारी कानुनमा विकास भएका नवीनतम् अवधारणा, सिद्धान्त र अन्तर ाष्ट्रिय अभ्यासलाई समेत मध्यनजर गरी अहिले चारवटा विभिन्न संहितामार्फत त्यसलाई व्यवस्थित गर्ने कार्य भएको छ ।

प्रधानमन्त्री देउवाले मुलुकको न्याय सम्पादनका सन्दर्भमा यो ठूलो उपलब्धि भएको उल्लेख गर्दै नेपाल सरकारको लामो समयदेखिको अथक प्रयास र सबैको सहयोगबाट ल्याइएका यी संहिताहरू कार्यान्वयनमा आएको चार वर्ष पूरा भई पाँचौ वर्षमा लागेको बताउनुभयो । यस अवधिमा न्याय सम्पादन प्रणालीलाई चुस्त र प्रभावकारी बनाउन यी संहिताहरूले उल्लेखनीय योगदान गरेको उहाँले बताउनुभयो ।

**लोकतन्त्रको सुदृढीकरणका लागि सबल, सक्षम न्याय प्रशासन पूर्वशर्त**

प्रधानमन्त्री देउवाले भन्नुभयो, "कानुनी राज्यको अवधारणालाई व्यवहारमा उतार्न असल कानुनको महत्वपूर्ण भूमिका हुन्छ । जनताको सहभागितामा जनप्रतिनिधिबाट बनाइएका कानूनले मात्र नागरिकको वैयक्तिक स्वतन्त्रता र मानव अधिकारको पूर्ण सुनिश्चितता गर्नसक्ने हुन्छ ।' त्यस्ता कानुनले उनीहरूलाई निर्वाध र स्वतन्त्रतापूर्वक जीवनयापन गर्नका लागि महत्वपूर्ण आधारशिला प्रदान गर्ने सामर्थ्य राख्ने उल्लेख गर्दै प्रधानमन्त्री देउवाले मुलुकमा कानूनी शासन कायम राख्न तथा लोकतन्त्रको सुदृढीकरणको लागि सबल, सक्षम न्याय प्रशासन पूर्वशर्त मानिन्छ भन्नुभयो ।

यस सन्दर्भमा मुलुकमा जारी भएका विभिन्न संहिताले मुलुकमा कानूनी शासनलाई संस्थागत गर्नुका साथै विधिसम्मत न्याय सम्पादन प्रणालीलाई सुनिश्चित गर्नसमेत महत्वपूर्ण योगदान गरेको उहाँले उल्लेख गर्नुभयो । मुलुकी संहिताहरूको प्रभावकारी कार्यान्वयनबाट नागरिकका दैनिक व्यवहार सञ्चालनलाई व्यवस्थित गर्नेदेखि समाजमा शान्ति र व्यवस्था कायम राख्न मद्दत पुग्दछ । साथै, यी संहिताहरू व्यक्तिको व्यक्तिगत, पारिवारिक, सामाजिक तथा व्यापारिक सम्बन्धलाई आधुनिक विधिशास्त्रीय मान्यताबमोजिम परिभाषित गर्ने महत्वपूर्ण कानूनी आधारशिलाको रूपमा रहेकाले यी आम नागरिकका दैनिकीसँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेका हुन्छन्', उहाँले भन्नुभयो ।

नेपालको देवानी तथा फौजदारी न्याय प्रशासन तथा कानूनी व्यवस्थाको पुनरावलोकनसँगै नेपालको कानुन प्रणाली क्रमशः आधुनिकीकरणतर्फ अभिमुख हुँदै गएको छ । समयको अन्तरालसँगै मुलुकको देवानी एवं फौजदारी कानुनी व्यवस्थामा व्यापक परिवर्तन र सुधार गरिएको बताउँदै प्रधानमन्त्री देउवाले यसका बाबजुद न्याय सम्पादन प्रणाली अझै अपेक्षाकृत रूपमा चुस्त दुरुस्त हुन नसकेको उल्लेख गर्नुभयो ।

अझै पनि जनताले न्याय पाउन वर्षौं कुर्नुपर्ने स्थिति रहेको, न्यायमा सीमान्तकृत र निमुखा जनताको सहज पहुँच हुन नसकेको, आम सर्वसाधारणले कानुनी उपचार प्राप्त गर्ने प्रक्रिया अत्यन्त जटिल र खर्चिलो रहेको तथा अदालती प्रक्रिया र कारबाही अझै पनि परम्परागत, प्रक्रियामुखी र लामो रहेको उल्लेख गर्दै उहाँले यस पृष्ठभूमिमा न्याय सम्पादन प्रणालीमा आमूल परिवर्तन गरी जनतालाई जतिसक्दो सरल तरिकाले चाँडो न्याय उपलब्ध गराउनेतर्फ सबै प्रतिबद्ध हुन आवश्यक छ भन्नुभयो ।

जनतालाई अनेक सास्ती र झन्झट बोकाएर ढिला गरी न्याय दिनु भनेको न्याय नदिएसरह भएको बताउँदै उहाँले यस कुरालाई गम्भीरतासाथ मनन गरी न्याय सम्पादन प्रक्रियालाई जतिसक्दो चुस्त, निष्पक्ष र कम खर्चिलो बनाउन सम्बन्धित सरोकारवाला निकाय सबैलाई अनुरोध गर्नुभयो ।

मुलुकी संहितालगायत मुलुकका प्रचलित कानूनलाई प्रभावकारीरूपमा कार्यान्वयन गरी विधिको शासनलाई व्यवहारमा उतार्न सम्बन्धित पक्षको क्षमता विकास तथा संरचनागत सुधारका कामलाई पनि निरन्तरता दिनु आवश्यक रहेकामा जोड दिँदै प्रधानमन्त्री देउवाले यसका लागि नेपाल सरकारका तर्फबाट उपलब्ध गराउनुपर्ने आवश्यक सहयोगका लागि सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

कार्यक्रममा कामु प्रधानन्यायाधीश दीपककुमार कार्कीले देवानी एवं फौजदारी संहितासम्बन्धी कानुनले मुलुकी ऐन प्रतिस्थापनका साथै राष्ट्रिय अन्तर्राष्ट्रिय अभ्यासलाई समेत आत्मसात् गरेको बताउनुभयो । उहाँले संहिताले कानूनलाई विशिष्टीकृत समेत बनाएको उल्लेख गर्दै यसले न्यायपूर्ण समाज निर्माण र समाजमा शान्ति स्थापनाका लागि योगदान गर्ने धारणा व्यक्त गर्नुभयो । यसका बाबजुद कतिपय प्रावधान र फैसलासम्बन्धी व्यवस्था कार्यान्वयन हुन नसकेको उल्लेख गर्दै उहाँले यस्ता चुनौतीलाई अवसरका रुपमा लिई समयसाक्षेप परिमार्जन र संशोधन गर्दै जान सकिने बताउनुभयो ।

कानूनमन्त्री गोविन्दप्रसाद शर्मा (कोइराला)ले कानुनी संहिता मुलुकी ऐनको निरन्तरतामात्र नभई कानुन क्षेत्रमा ठूलो सुधार भएको बताउँदै यसमा धेरै अभ्यास र प्रयोग पनि समेटिएको उल्लेख गर्नुभयो । उहाँले कानूनको उद्देश्य पूरा गर्न र सफलताका लागि कार्यान्वयन प्रभावकारी हुनुपर्ने र कार्यान्वयन गर्ने सरोकारवाला पक्षमा नैतिकता हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । कानुनको प्रभावकारी कार्यान्वयनले मात्र जनताले कानूनी राजको अनुभूति गर्न पाउने उहाँको भनाइ थियो ।

महान्यायाधिवक्ता खम्मबहादुर खातीले कानूनको कार्यान्वयनले मात्र कानूनी सुधार हुने बताउँदै कानुनमा समयानुकूल परिमार्जन र पुनारावलोकन हुनु आवश्यक रहेकामा जोड दिनुभयो । उहाँले कानूनी संहिता कार्यान्वयनका लागि सबैको साथ र सहयोगका साथै नागरिकको पहुँच र सुसूचित हुनुपर्ने बताउँदै यसमा अझै समेट्नुपर्ने विषय धेरै भएको उल्लेख गर्नुभयो ।

नेपाल बार एशोसिएशनका अध्यक्ष गोपालकृष्ण घिमिरेले देवानी कानुनी संहिताका विशेषता र उद्देश्यबारे जानकारी गराउँदै यसमा देखिएका चुनौती र कमजोरी बारेमा उल्लेख गर्नुभयो । मन्त्रालयका निमित्त सचिव फणीन्द्र गौतमले कानुनी संहिताको निर्माणले कानुनी क्षेत्रमा युगान्तकारी परिवर्तनको सुरुआत भएको उल्लेख गर्दै यसको कार्यान्वयनका लागि संरचनागत र जनशक्ति क्षमता विस्तारमा जोड दिनुभयो ।रासस

# मुलुकको स्थिरताका लागि पाँच दलीय गठबन्धन कायम रहन्छ : मन्त्री कार्की

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले मुलुकको स्थिरता र विकासका निम्ति पाँच दलीय गठबन्धन कायम रहने बताउनुभएको छ ।




सन्तनेता कृष्णप्रसाद भट्टराई फाउन्डेशनले बुधबार आयोजना गरेको 'नव-निर्वाचित स्थानीय तहका जनप्रतिनिधिलाई बधाई/शुभकामना तथा अन्तरक्रिया' कार्यक्रममा सरकारका प्रवक्ता कार्कीले आर्थिक, सामाजिक र सांस्कृतिक विकाससँगै समृद्ध मुलुक निर्माणका निम्ति आगामी मङ्सिर ४ गते हुने सङ्घीय र प्रदेशसभा सदस्यको निर्वाचनमा गठबन्धन कायम रहने बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेपाल सम्भावना भएको मुलुक हो, यहाँ जलस्रोत, पर्यटन, कृषिमा प्रचुर सम्भावना छ, त्यसको भरपुर उपयोग गरेर मुलुकलाई आगामी १० वर्षभित्रमा समृद्ध मुलुकका रूपमा विकास गर्दै रोजगारीको सिर्जना गरी विदेसिएका युवालाई स्वदेशमै रोजगार बनाउने हाम्रो योजना छ ।"

मन्त्री कार्कीले विकास, सेवा प्रवाह र जनगुनासो सम्बोधन गर्दै परिणाम आउने गरी जनताको पक्षमा काम गर्न नेपाली कांग्रेस पार्टीबाट नवनिर्वाचित नगरप्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुखलाई निर्देशन दिनुभयो ।

उहाँले भन्नुभयो, "जनताको मन नजितीकन प्रतिनिधि हुन सकिँदैन, तपाईँहरूले निर्वाचनको समयमा जनतासामु गर्नुभएको वाचा पूरा गर्नुपर्छ, त्यसका लागि सीमित स्रोत/साधनबीच योजना बनाएर प्राथमिकताका आधारमा काम गर्नुपर्ने हुन्छ, त्यसतर्फ ध्यान केन्द्रित गर्नुहोस् ।"

मन्त्री कार्कीले सूचना, सञ्चार र प्रविधिको विकासले संसार गाउँमा परिणत भइसकेको उल्लेख गर्दै सञ्चार प्रविधिको अधिकतम प्रयोग गरेर मुलुकको समग्र विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

फाउन्डेशनका अध्यक्ष तथा राष्ट्रियसभाका सांसद रमेशजङ्ग रायमाझीले फाउन्डेशनले भट्टराईका नामबाट विराटनगरमा विद्यालय स्थापना गर्ने योजना तयार गरेको बताउनुभयो ।रासस

# बागमती सरकार डिजिटल युगमा प्रवेश गर्दैछ : मुख्यमन्त्री पाण्डे



बागमती । बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले बागमती प्रदेशभित्र सार्वजनिक सवारी साधनमा अब विद्युतीय प्रणालीबाट भाडा भुक्तानी गर्ने व्यवस्था सुरु गरिने बताउनुभएको छ ।

जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकले धुलिखेलमा बुधबारआयोजना गरेको 'छैटौं जिल्लासभा' कार्यक्रमलाईसम्बोधन गर्दै उहाँले नागरिकलाई नगद पैसा तिर्दा यात्रुसँग बढी रकम लिने खालको समस्या समाधान गर्न तोकिएको रकम मात्रै भुक्तानी दिने गरी डिजिटल युगभित्र प्रदेश सरकार प्रवेश गर्ने बताउनुभयो ।

उहाँले संसद्मा कानुन बनाउने बेला आफूले स्थानीय तहलाई बलियो बनाउनुपर्छ भनेर जोडदार कुरा उठाएको र वडा सरकार बलियो भएमात्रै नेपाल बलियो तथा समृद्ध बन्ने भएकाले त्यसैमा ध्यान दिन जरुरी रहेको बताउनुभयो । सङ्घीय सरकार भनेको नै प्रदेश सरकार भएको उल्लेख गर्दै उहाँले भर्खर मात्र प्रदेश सरकारको कानुन बनाउने र कार्यान्वयनको चरणमा रहेकाले अहिले नै ठीक तथा बेठीक भनेर टिप्पणी गर्ने बेला नभएको बताउनुभयो ।

उहाँले आर्थिक हिसाबले कमजोर गाउँपालिकाले आफू आएपछि थप आर्थिक सहयोग गर्ने विधि बनाएको र बागमती प्रदेश सरकारले प्रदेश निजामती सेवा ऐन बनाएर कार्यान्वयनको चरणमा रहेको बताउनुभयो ।रासस

# 'कच्चा पदार्थमा आधारित उद्योग प्रवर्द्धनमा जोड दिन्छु'




कर्णाली । कर्णाली प्रदेश सरकारका नवनियुक्त उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री वीरबहादुर शाहीले स्थानीय कच्चा पदार्थमा आधारित उद्योग प्रवर्द्धनमा जोड दिने बताउनुभएको छ ।

कर्णालीमा ठूला लगानीका उद्योग नभएको जनाउँदै उहाँले स्थानीय कच्चा पदार्थमा आधारित उद्योग विकासलाई प्राथमिकतामा राखेको बताउनुभयो । "प्रथमतः चालु आव २०७९/८० को बजेट कार्यान्वयमा मेरो विशेष जोड हुनेछ', मन्त्री शाहीले भन्नुभयो, "दोस्रो प्रदेशस्थित लगानी प्रवर्द्धन बोर्डमार्फत साना उद्योगको विकास र प्रवर्द्धन जोड दिन्छु ।'

उहाँले कर्णालीमा लगानीबाट सञ्चालन हुने उद्योगका विषयमा सङ्घीय सरकारसँग पहल गर्ने बताउनुभयो । कर्णालीका जाजरकोट, सुर्खेत, दैलेखमा खानीलगायतका प्राकृतिक स्रोतको उपयोगका लागि यहाँको हावापानी र माटो सुहाउँदो उद्योग मोडेलमा जोड दिने जनाउँदै उहाँले उद्योगी व्यवसायीलाई ब्याजमा सहुलियत दिन सरकारले सहयोग गर्ने बताउनुभयो ।

कर्णालीको जडीबुटीको राजस्व सङ्घमा बुझाउनुपर्ने नियमले यहाँका नागरिक मर्कामा परेको बताउँदै मन्त्री शाहीले भन्नुभयो, "अब कर्णाली प्रदेशका छवटा विमानस्थलको स्तरोन्नति र विकासमा सरकारको ध्यान जान्छ, दश जिल्लामा एक/एक पर्यटन क्षेत्र र तत्पश्चात् ७९ स्थानीय तहमा पर्यटन घोषणा गर्ने नीति अगाडि बढाउँछौं ।'

यता नेपाल घरेलु तथा साना उद्योग महासङ्घ कर्णाली प्रदेशका अध्यक्ष चन्द्रबहादुर बिसी नेतृत्वको टोलीले बुधबार मन्त्री शाहीलाई भेटेर कोरोनाका कारण खस्केका उद्योग उकास्ने कार्यक्रम ल्याउन अनुरोध गरेको छ ।रासस

# माओवादीको पदाधिकारी चयन अन्तिम चरणमा



काठमाण्डु । गत पुसमा आठौं महाधिवेशन सम्पन्न गरेको नेकपा (माओवादी केन्द्र)ले अझै पदाधिकारीसहित साङ्गठनिक संरचनाको टुङ्गो लगाउन सकेको छैन ।

पदाधिकारीको चयनका साथै साङ्गठनिक अवस्थालाई पूर्णता दिने भन्दै माओवादी स्थायी समिति बैठक लगातार बसिरहेको छ तर अझै पदाधिकारीले पूर्णता पाउन सकेको छैन ।

महाधिवेशनपछि बसेको पहिलो केन्द्रीय समिति बैठकले अध्यक्षमा पुष्पकमल दाहाल 'प्रचण्ड'लाई पुनः चयन गरेको थियो । माओवादीले अर्को बैठकबाट पदाधिकारी चयन गर्ने निर्णय गरेको थियो । कोरोना सङ्क्रमण बढेको तथा लगत्तै स्थानीय तहको निर्वाचनमा केन्द्रित हुनु परेकाले पदाधिकारी चयनलगायतका बाँकी काम पूरा गर्न ढिलाइ भएको माओवादीले जनाएको छ ।

पदाधिकारीसँगै अन्य साङ्गठनिक विषय टुङ्ग्याउन आज अपराह्न पार्टी केन्द्रीय कार्यालयमा बसेको स्थायी समिति बैठकले सो विषयलाई अन्तिम चरणमा पुर्‍याएको नेता कृष्णबहादुर महराले जानकारी दिनुभयो । आजको बैठकमा पदाधिकारी टुङ्ग्याउने, स्थायी समिति, पोलिटब्यूरो र केन्द्रीय समितिमा थप्नुपर्ने केही सदस्यका बारेमा छलफल भएको उहाँले बताउनुभयो ।

सबै विषयमा विस्तृतमा छलफल भयो, करिब करिब टुङ्गोमा पुगेको छौं, भोलि पदाधिकारी चयनलगायत विषयले अन्तिमरुप पाउँछ', उहाँले भन्नुभयो, "भोलि बिहान ८ बजे बस्ने बैठकले पदाधिकारीको टुङ्गो लगाउँछ ।'रासस

# स्वास्थ्य मापदण्ड ख्याल गरेर रथयात्रामा सम्पन्न गर्न आग्रह

विराटनगर । प्रदेश नं १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले स्वास्थ्य मापदण्ड पालना गर्ने र गराउने गरी व्यवस्थित रथयात्राको प्रबन्ध गर्न प्रदेश नं १ स्थित सुरक्षा प्रमुखहरूलाई निर्देशन दिनुभएको छ ।

प्रदेश नं १ को धार्मिक तथा सांस्कृतिक परम्पराको रथयात्रा यस वर्ष कोभिड सङ्क्रमणलाई ख्याल गरेर छोटो समयमा सम्प गर्न उहाँले रथायात्रा व्यवस्थापन समिति र सुरक्षा प्रमुखहरूलाई निर्देशन दिनुभएको हो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा आज रथयात्रा तथा सञ्चालन हुने स्थानबारे जानकारी लिएपछि मुख्यमन्त्री राईले परम्परा पनि कायम हुने र नागरिकको स्वास्थ्य पनि जोखिम नहुने गरी रथयात्राको व्यवस्थापन गर्न आग्रह गर्नुभयो । विराटनगरमा हरेक वर्ष श्रीकृष्ण जन्माष्टमीको भोलिपल्ट भव्य रथयात्रा हुने गर्दछ । उक्त रथयात्रामा लाखौंको सङ्ख्यामा नेपाल र भारतका भक्तजन सहभागी हुने गर्छन् ।

यस वर्ष कोभिड सङ्क्रमणलाई ख्याल गर्दै झाँकी बाहेकको रथयात्रा निकाल्ने तयारी राधाकृष्ण मन्दिर व्यवस्थापन समितिले गरेको छ । छलफलमा नेपाल प्रहरी, सशस्त्र प्रहरीका प्रदेश नं १ प्रमुखसहित मोरङ जिल्लास्थित सुरक्षा अधिकारीहरू उपस्थिति रहेको मुख्यमन्त्री राईका प्रेस सल्लाहकार बन्धु पोखरेलले जानकारी दिनुभयो ।रासस

# नेपाल र बेलायतबीच श्रम समझदारीमा हस्ताक्षर हुने

काठमाण्डु । नेपाल र बेलायतबीच आगामी सोमबार बेलायतमा स्वास्थ्य जनशक्ति पठाउनेसम्बन्धी श्रम समझदारी पत्रमा हस्ताक्षर हुने भएको छ ।

समझदारी पत्रमा नेपालका तर्फबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्याल र बेलायतका तर्फबाट नेपालस्थित बेलायती राजदूत निकोला पोलिटले हस्ताक्षर गर्ने कार्यक्रम रहेको मन्त्रालयले जनाएको छ ।

गत जेठ ३१ गतेको मन्त्रिपरिषद् बैठकले नेपालबाट बेलायतमा स्वास्थ्य क्षेत्रका जनशक्ति पठाउनेसम्बन्धी श्रम समझदारीपत्र स्वीकृत गरेको थियो ।रासस

# युक्रेनका राष्ट्रपतिले राष्ट्रसङ्घीय महासचिव र टर्कीका राष्ट्रपतिसँग भेट गर्ने

**सिन्ह्वा**

किभ । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलिन्स्कीले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटर्रेस र टर्कीका राष्ट्रपति रिसेप तैयप एर्दोगानसँग भेटवार्ता गर्नुहुने भएको छ ।

उहाँले यसै हप्ता उहाँहरूसँग भेटवार्ता गर्न लाग्नुभएको कुरा महासचिव गुटर्रेसका प्रवक्ता स्टेफान डुजारिकलाई उद्धृत गर्दै युक्रेनी समाचार समितिले जानकारी दिएको हो । सो भेटवार्ता युक्रेनमा नै हुने भएको छ । समाचारमा जनाइएअनुसार सो भेट युक्रेनको पश्चिमी शहर एलभिवमा हुन लागेको हो ।

बिहीबार हुन लागेको सो भेटवार्ताको एजेण्डाका बारेमा भने केही जानकारी दिइएको छैन । त्यसपछि शुक्रबार राष्ट्रसङ्घीय महासचिव गुटर्रेसले युक्रेनको दक्षिणी ओडेसा शहरको बन्दरगाह भ्रमण गर्नुहुने पनि बताइएको छ ।

यही जुलाई २२ मा संयुक्त राष्ट्रसङ्घसमेतको उपस्थितिमा सो बन्दरगाहबाट युक्रेनका र अन्य देशबाट आएका खाद्यान्न निकासी गर्न दिने बारेमा युक्रेनले हस्ताक्षर गरेको थियो । सो सम्झौता अगष्ट १ देखि कार्यान्वयनमा आएको छ र त्यसयता उक्त बन्दरगाहबाट मात्र पाँच लाख ६३ हजार मेट्रिकटन खाद्यान्न निर्यात पनि भएको छ ।

युक्रेनमा रुसी हमलापछि यहाँको आर्थिक तथा अन्य अवस्था कमजोर बन्दै गएको छ । अहिले पनि विभिन्न स्थानमा रुसको हमला जारी छ । रुस र युक्रेनबीच जारी तनावको स्थानीय समाधान निकाल्न सकिएको छैन ।

# सुडानमा आएको बाढीबाट ७५ को मृत्यु

**सिन्ह्वा**

खार्तोम । सुडानमा केही दिनयतादेखि भीषण वर्षा जारी रहेको बताइएको छ । सो वर्षाको कारण यहाँ मङ्गलबार रातिसम्ममा कम्तीमा पनि ७५ जनाको ज्यान गएको छ ।

केही दिनदेखि जारी रहेको वर्षा र त्यसपछि आएको बाढीमा परेर यहाँका १२ हजार पाँच सय ५१ घर ध्वस्त भएका छन् भने २० हजारभन्दा बढी घरमा बस्न नहुनेगरी क्षति पुगेको बताइएको छ ।

यहाँको नेशनल काउन्सिल फर सिभिल डिफेन्सले दिएको जानकारीअनुसार वर्षा जारी रहेकाले बाढीको खतरा अझै टरेको छैन । उक्त काउन्सिलले प्रकाशन गरेको विज्ञप्तिमा यस बाढीमा परी ३० व्यक्ति घाइते भएका छन् भने अरू केही हराइरहेका छन् ।

यहाँको उत्तरी कोरदोफान राज्यमा बाढीको बढी असर देखिएको समाचारमा जनाइएको छ । यसअघि आएका केही समाचारमा सो राज्यमा सबैभन्दा धेरै व्यक्तिको निधन भएको छ । उत्तरी र मध्यसुडानमा वर्षाले क्षति पुऱ्याएको छ । यहाँको सयौं हेक्टर क्षेत्रफल कृषियोग्य जमिनमा क्षति पुगेको छ । सरकारले यहाँका प्रहरी, सेना तथा अन्य उद्धारकर्मी परिचालन गरेको छ । वर्षा गत हप्तादेखि नै जारी रहेकाले थप सतर्कता अपनाउन भनिएको छ ।

# पदक विजेता खेलाडी र सदस्यसचिवबीच भेट



काठमाण्डु । माल्दिभ्समा आयोजना भएको ५४ एशियन शारीरिक सुगठन तथा फिजिक स्पोर्टस् च्याम्पियनसीपमा पदक विजेता खेलाडी उमेश राई, राजु राई र सुजिता मानन्धरले आज राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टङ्कलाल घिसिङसँग भेटवार्ता गर्नुभएको छ ।

साउन ४ गतेदेखि सञ्चालन भएको उक्त च्याम्पियनसीपमा नेपालका दुई पुरुष र एक महिला गरी तीन खेलाडीले सहभागिता जनाउनुभएको थियो । त्यसमा नेपालले एक रजत र एक कास्य पदक हासिल गरेको थियो ।

नेपाली खेलाडी उमेशले ८० किलो तौल समूहमा रजत र फिटनेश फिजिकको १७० सेमिमा राजुले कास्य पदक प्राप्त गर्नुभएको थियो । यस्तै महिला एथलेटिक फिजिकमा प्रतिस्पर्धा गर्नुभएकी सुजिताले छैटौं स्थान प्राप्त गर्नुभएको थियो । कार्यक्रममा माल्दिभ्समा भएको ५४ औं एशियन शारीरिक सुगठन तथा फिजिक स्पोर्टस् च्याम्पियनसीपका विविध पक्षलाई समेटेर तयार पारिएको प्रतिवेदन नेपाल शारीरिक सुगठन तथा फिजिकल फिटनेशका अध्यक्ष राशेजबाबु श्रेष्ठले राखेप सदस्य सचिव घिसिङलाई बुझाउनुभयो । उक्त प्रतियोगिताको ५५ औं संस्करण नेपालमा नै आयोजना हुने कार्यक्रम छ ।

# आगलागीका कारण आठ सय परिवार विस्थापित

**सिन्ह्वा**

शिबरघान । उत्तरी जावजान प्रान्तको फैजाबाद जिल्लाको बाला मार्दियान गाउँमा केही दिनअघिबाट शुरु भएको प्राकृतिक आगलागीबाट आठ सयभन्दा बढी परिवार विस्थापित भएका स्थानीय प्रहरी अधिकारीले बुधबार पुष्टि गरेका छन् ।

विस्थापित परिवार जावजान प्रान्तको राजधानी शिबरघान सहर र छिमेकी बल्ख प्रान्ततर्फ प्रस्थान गरेको प्रान्तीय प्रहरी प्रवक्ता अब्दुल सत्तार हलिमीले पत्रकारलाई बताएका छन् । 'अगस्ट ८ मा शुरु भएको आगलागीले फैजाबाद जिल्लाको बाला मार्दियान गाउँमा सबैलाई घेरेको छ, प्रत्येक दिन पाँचदेखि छ घर पूर्ण वा आंशिकरूपमा जलेको छ, र एक सय २० आवासीय घर खरानी भएका छन्,' एक अधिकारीले जानकारी दिएका छन् ।

प्रान्तको फैजाबाद जिल्लाको बाला मार्दियान गाउँमा आगलागीबाट ठूलो क्षति पुगेको छ । अझै नियन्त्रणमा आउन सकेको छैन । आगलागीको कारण भने खुल्न सकेको छैन ।

# भारतमा नौ हजार ६२ कोरोना सङ्क्रमित

**सिन्ह्वा**

नयाँदिल्ली । भारतमा एकै दिनमा नौ हजार आठ सय ६२ कोरोना भाइरस सङ्क्रमित भएका सङ्घीय स्वास्थ्य मन्त्रालयले बुधबार सार्वजनिक गरेको छ । यसैसँगै भारतमा चार करोड ४२ लाख ८६ हजार दुई ५६ जना कोराना भाइरस सङ्क्रमित भईसकेका छन् ।

भारतमा एक दिन अगाडि आठ हजार आठ सय १३ सङ्क्रमित भएका थिए । दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ । भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाख पाँच हजार ५८ जना रहेका छन् ।

गत २४ घण्टाको समयअवधीमा कोरोना सङ्क्रमणबाट यहाँ ३६ जनाको मृत्यु भएको छ । यसैसँगै कोरोना सुरु भएबाट हालसम्म यहाँ पाँच लाख २७ हजार एक सय ३४ व्यक्तिको मृत्यु भइसकेको छ ।

भारतमा हिजो एक दिनमा १५ हजार दुई सय २० जना कोरोना मुक्त भएका छन् । यसैसँगै कूल चार करोड ३६ लाख ५४ हजार ६४ जना कोरोनामुक्त भएका छन् । नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमित घटेका छन् । भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो ।

सो समयबाट हालसम्म दुई अर्ब आठ करोड ५७ लाख १५ हजार दुई सय ५१ मात्रा खोप लगाइएको छ । भारतमा कोरोना सुरु भएयता हालसमम ८८ करोड ६० भन्दा बढीको कोरोना भाइरस परीक्षण भएको जनाइएको छ ।

# हराएको अठतीस वर्षपछि मृत भेटिए भारतीय सैनिक

**एएफपी**

नयाँदिल्ली । पाकिस्तानसँगको विवादित सीमामा रहेको हिमनदीमा ३८ वर्षअघि बेपत्ता भएका एक भारतीय सैनिक जवानको शव फेला परेको छ । भारत स्वतन्त्रता दिवसको ७५औं वार्षिकोत्सव मनाएको दुई दिनपछि भारतीय सेनाको एक इकाईले बुधबार बिहानै भारतीय झण्डामा बेरिएको चन्द्र शेखरको कफिनको तस्बिर ट्वीट गरेको छ ।

सेनाले भन्यो कि शेखरलाई सन् १९८४ मा अपरेशन लागि तैनाथ गरिएको थियो । भारत र पाकिस्तानले सियाचेन ग्लेशियरमा नियन्त्रण कायम गर्नको लागि छोटो युद्ध लडेका थिए । यो विश्वको सबैभन्दा अग्लो रणभूमिको रूपमा प्रतिष्ठित थियो । लद्दाखको हिमाली क्षेत्रमा अवस्थित यस क्षेत्रमा लामो समयदेखि आणविक हतियार भएका छिमेकीबीच प्रतिस्पर्धा हुँदै आएको छ । स्थानीय सञ्चारमाध्यमले शेखर २० सदस्यीय समूहको सदस्य रहेको बताएको छ ।

# विश्वकै विशाल चारतले लाल्टिन

**सिन्ह्वा**



हङकङ । गगनचुम्बी भवनहरूले घेरिएको हङकङको व्यापारिक क्षेत्रको मध्यभागमा अवस्थित एउटा असामान्य ' भवन' झै लाग्ने एउटा चित्ताकर्षक वस्तुले धेरै स्थानीयको ध्यान आकर्षित गरेको छ तर यो आवसीय भवन भने होइन । बाँसका कप्टेरा, फलामे तार र कपडासँगै कागतबाट बनेको चम्किलो रङको चारतले यो लाल्टिन विश्वको सबैभन्दा अग्लो बनेर गिनिज वर्ल्ड रेकर्डस्मा कीर्ति कायम गर्न सफल भएको छ ।

कागज शिल्पका सम्राट हा चुङ किनको यो सृजना बेलाइतले चीनलाई हङकङ हस्तान्तरण गरेको २५औं वार्षिकोत्सव अवसर पारेर गत जुलाइको प्रारम्भदेखि प्रदर्शनीमा छ । मध्य अक्टोबरसम्म यसलाई प्रदर्शनमा नै राखिने छ । परम्परागत चिनियाँ कागजबाट बनेको हङकङको यो अमूर्त सांस्कृतिक सम्पदाले स्वदेशी तथा विदेशीको धेरैको ध्यान खिचेको छ ।

चालीस वर्षभन्दा लामो समयदेखि कागजमा सृजना गर्दै आएका ६१ वर्षीय अग्रज कलाकार हाले कागजमा जीवन भरेका गौरवशाली र कठिन समय दुवै देखेका छन् । सन् २०१७ मा नौ मिटर अग्लो कागजको लाल्टिन बनाएर विश्व कीर्तिमान कायम गरेका उनले आफ्नै कीर्तिमान फेरि भङ्ग गरेका छन् । पर्याप्त प्रकाशका निम्ति अग्ला अट्टालिकामा झुन्ड्याइने कागजका लाल्टिन बनाउनु उनको विशेषता नै बनेको छ । "कागज बनाउने प्रविधि हाम्रा चिनियाँ पुर्खाहरूले विकसित र हस्तान्तरण गरेका हुन् । हामीलाई अरूले हराउन सक्दैनन्," हा भन्छन् ।

जापानीले कायम गरेको कीर्तिमान भङ्ग गर्न १३ मिटर वा अझ अग्लो लाल्टिन बनाउनुपर्छ । यस्तो भीमकाय लाल्टिन बनाउन अनुभवी कालीगड चाहिन्छन् । यस पटक हाले प्रशिक्षकका रूपमा आफ्ना विद्यार्थी र लाल्टिन बनाउन पिछडिएका समूहहरूलाई मार्गदर्शन गर्ने भूमिकामा प्रस्तुत भए । दुई वर्षमा हा र उनका विद्यार्थीले लाल्टिनको सबै अवयवमा सँगै काम गरे र हरेक कमसल भागहरूलाई सावधानीपूर्वक सुदृढ तुल्याए ।

लाल्टिनपूरा भएको पहिलो दिन हङकङ आँधीले ग्रस्त थियो । "मेरो फोन बजिरहेको थियो र मानिसहरूले सोधिरहेका थिए कि आँधीले लाल्टिन नष्ट हुन्छ कि हुँदैन । मैले उनीहरूलाई केही हुँदैन भनेर आश्वासन दिएँ", हाले भने । आँधीबेहरी समाप्त भयो र लाल्टिनमा कुनै क्षतिछ भएको थिएन । हाले सुरुदेखि नै लाल्टिनतीन महिनासम्म घरबाहिर देखाइने भएकाले डिजाइनमा आँधीजस्ता प्रतिकूल प्राकृतिक परिस्थितिलाई ध्यानमा राखेर उत्कृष्ट कपडा र अन्य कच्चा पदार्थ प्रयोग गरेको बताए ।

रङ्गीन लाल्टिनले हङकङ विशेष प्रशासनिक क्षेत्रका प्रमुख कार्यकारी जोन लीलाई पनि आकर्षित गऱ्यो । उनले सो स्थानको भ्रमण गर्दै सेल्फी पनि लिएका थिए । "असाधारण सीप प्रदर्शनबाट अर्को विश्व कीर्तिमान बनाउन पाउनु निकै रोमाञ्चक छ", लीले भने । 'पेपर क्राफ्टिङ' एक प्रविधि हो जसले विभिन्न जातीय समूहहरूको इतिहास र संस्कृतिलाई मूर्त रूप दिन्छ, महत्त्वपूर्ण सामाजिक र सांस्कृतिक मूल्यहरू बोक्छ । प्राचीन चिनियाँ मानिसहरूले लाल्टिन, ड्र्यागन, सिंह र कागजको प्रस्ताव सहित सबै प्रकारका शिल्प उत्पादनहरू बनाउन बाँसको स्प्लिन्टहरू, चामलको कागजको स्ट्रिपहरू र कागज जस्ता साधारण सामग्रीहरू प्रयोग गर्थे ।

बीसौं शताब्दीको प्रारम्भमा हङकङमा उद्योग फस्टाउँदै थियो । ठूलो मात्रामा पेपर क्राफ्टिङ कार्यशालाहरूले पर्याप्त नाफा कमाएका थिए । सन् १९६० मा हातले बनाएको लाल्टिन चीन बाहिर पनि लोकप्रिय थियो । शिल्पकारहरूले आफ्नो उत्पादन विदेशमा निर्यात गरेर राम्रो जीवनयापन गर्न सकेका छन् ।

यद्यपि परम्पराहरूले आधुनिक शहरी जीवनशैलीलाई मार्ग दिन्छ । कागजको शिल्पको प्रविधिले पनि आफ्नो उत्तराधिकारी गुमाउने जोखिम हुन्छ । हालाई आफ्नो कार्यशालामा सन् १९८० को दशकमा लगभग २० जना पेपर क्राफ्टिङ 'मास्टर' भएको सम्झना छ । तर अहिले उनी र उनको छोरा सहित चार जना मात्र छन् । "युवाहरूले यहाँ पूरै दिन उस्तै मानिसहरूको सामना गरेर बिताउनु भन्दा वित्तमा छिटो पैसा कमाउनेछन्", हाले भने । सन् २०१७ मा पेपर क्राफ्टिङ प्रविधिलाई हङकङको अमूर्त सांस्कृतिक सम्पदाको प्रतिनिधि सूचीमा राखिएको थियो । सरकारी सहयोगमा हा र अन्य शिल्पकारहरूले विभिन्न कार्यशालाहरूमार्फत नागरिक र विद्यार्थीहरूलाई प्रविधि सिकाउन थाले ।

स्थानीय प्राथमिक विद्यालयमा हाले विद्यार्थीहरूलाई छुट्टी मनाउनका लागि माछाको आकारको कागजको लाल्टिनकसरी बनाउने भनेर सिकाउँछन् । उनले माछाको शरीर बनाउँछन् भने बच्चाहरू माछाका कत्लाहरू बनाउँछन् । "विद्यालयपछि हरेक दिन तिनीहरूले लाल्टिनमा राख्नका लागि माछाको कत्ला बनाउँछन् । यो एक महिनाभन्दा बढीमा मध्य शरद्को चाडका लागि समयमा हुनेछ", उनले भने ।

एक पेशेवर शिल्पकारका रूपमा आफ्नो जीवन वृत्तिमा हाले हजारौं कलाकृतिहरू बनाएका छन्, तर उनलाई सबैभन्दा गर्व लाग्ने एउटा मात्र सिर्जना छ । ग्राहकको आवश्यकता सरल थियो । हाले आफूले चाहेको कुनै पनि पेपरक्राफ्ट बनाउन सक्छन् । कलाकृति दर्शकहरूले तुरुन्तै बुझ्न सकुन् भन्ने उनी चाहन्थे ।

हाले भाग्यबिना धेरै दिन दिमागमा बिताए । टिभी चलिरहेको थियो र समाचार आयो कि चिनियाँ अन्तरिक्ष याङ याङ लिवेई चीनको पहिलो मानव अन्तरिक्ष उडान अभियानबाट सुरक्षित फर्किएका छन् । "चिनियाँ अन्तरिक्ष यात्रीहरूको भावना बोल्ने शिल्प बनाउनुपर्छ भन्ने विचारले मलाई तुरुन्तै छोयो", उनले भने ।

पन्ध्र मिनेटमा उनले पेपर क्राफ्टको लागि स्क्रिप्ट कोरे, जसमा अन्तरिक्ष यात्रीहरू, रकेटहरू र नजिकैका खगोलीय वस्तुहरू थिए । परियोजनालाई पार्कमा प्रदर्शन गरिएको थियो । त्यहाँ धेरै नागरिकहरू फोटो खिच्न आएका थिए । हाका लागि चिनियाँ मुख्य भूमि नै उनको उद्गमस्थल र प्रेरणाको स्रोत हो ।

प्रसिद्ध लायन डान्स मास्टर हा क्वोक चेउङको कान्छो छोराका रूपमा हामा सानैदेखि परम्परागत चिनियाँ संस्कृतिप्रति गहिरो लगाव भयो । उनका हजुरबुबा गुआङडोङ प्रान्तका मार्शल आर्ट मास्टर थिए जसले मुख्य भूमि र हङकङमा कुङ फूको प्रवर्द्धनमा योगदान गरे ।

हाले पेपर क्राफ्टिङका लागि स्पार्कहरू फेला पार्नका लागि नियमितरूपमा गुआङ्डोङ प्रान्तको यात्रा पनि गरे र सांस्कृतिक सम्पदाहरूलाई कसरी राम्रोसँग संरक्षण गर्ने भन्नेबारे स्थानीयहरूसँग विचारहरू आदान प्रदान गरे । ग्वाङडोङको डोङगुआनमा हाको एउटा कारखाना छ जहाँ ३०० भन्दा बढी कामदारले विभिन्न प्रकारका कागजको शिल्प बनाउँछन् ।

"हङकङ र चिनियाँ मुख्य भूमिले पेपर क्राफ्टिङ प्रविधिलाई बचाउन र विकास गर्नका लागि मिलेर काम गर्नुपर्छ", उनले भने । हा कागजी शिल्पहरूको माग सधैँ रहिरहने छ भन्नेमा विश्वस्त छन् । "हामी चिनियाँहरू चाडपर्व र ठूला अवसरहरूमा लाल्टिनलगाउन वा सिंह नृत्य गर्न मन पराउँछौं । चिनियाँहरू जहाँ भए पनि कागजका शिल्पको माग सधैँ हुन्छ", उनले भने ।

# 'पेलोसीको ताइवान भ्रमण क्षेत्रीय अस्थिरता बढाउन हो'



**सिन्ह्वा**

मस्को । रूसका राष्ट्रपति भ्लादिमिर पुटिनले अमेरिकी प्रतिनिधिसभाका सभामुख न्यान्सी पेलोसीको हालैको ताइवान भ्रमण क्षेत्रीय अस्थिरता बढाउने अमेरिकी रणनीतिको एउटा भाग भएको टिप्पणी गर्नुभएको छ ।

मङ्गलबार यहाँ भएको अन्तरराष्ट्रिय सुरक्षासम्बन्धी दशौं वार्षिक सम्मेलनमा उहाँले पेलोसीको यो भ्रमण एउटा गैरजिम्मेवार राजनीतिज्ञद्वारा मात्र नभएर संयुक्त राज्य अमेरिकाले एसिया-प्रशान्त क्षेत्र र सारा विश्वको अवस्थालाई अस्थिर बनाउने अन्तर्निहित रणनीतिको एक अङ्ग भएको बताउनुभयो । राष्ट्रपति पुटिनले पेलेसीको भ्रमणाई 'अन्य देशहरूको सार्वभौमसत्ता र अन्तरराष्ट्रिय दायित्वहरूको अनादरको निर्लज्ज प्रदर्शन' हो भन्नुभयो ।

रक्षामन्त्री सर्गेई शोइगुले पनि पेलोसीको ताइवान भ्रमणलाई ' उत्तेजक अवतरण' को संज्ञा दिँदै उक्त क्षेत्रलाई अस्थिर बनाउने अमेरिकाको अर्को कदम भएको बताउनुभयो । चीनको चेतावनीलाई वेवास्ता गर्दै उहाँले गर्नुभएको ताइवान भ्रमण उत्तेजना भड्काउन गरिएको उहाँको कटु टिप्पणी थियो ।

सभामुख पेलोसीले हालै ताइपेइ पुगेर राष्ट्रपति साई इङ्ग वेनसँगको भेटवार्तामा वर्तमान विश्वले लोकतन्त्र र निरङ्कुशतामध्ये एउटालाई रोज्नुपर्ने परिस्थितिको सामना गरिरहेको बताउँदै उहाँले विश्वभरि लोकतन्त्रको प्रवर्द्धनका निम्ति अमेरिका दृढ रहेको उल्लेख गर्नुभएको थियो ।

॥ हार्दिक समवेदना ॥



जन्म
वि.स.१९९६/०४/३१

स्व.श्री जागो देवी साह

स्वर्गारोहण
वि.स.२०७९/०४/२१

जनकपुरधाम उपमहानगरपालिका ११ का श्री ई. रामदेव साह, श्री शिव देव साह ज्यूको आमा श्री **जागो देवी साह**ज्यूको असामयिक देहावसान भएकोमा दुःख व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको कामनाका संग शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौ ।

**व्याहुत सुडी सेवा समिति**
जनकपुरधाम उपमहानगरपालिका १४

# आर्थिक संकटको सम्भावना नरहेको आइएमएफको भनाइ

**सिन्ह्वा**

ढाका । अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले बंगलादेश श्रीलङ्काजस्तो आर्थिक संकटको जोखिममा नरहेको बताएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषको एसिया तथा प्रशान्त विभागका महाशाखा प्रमुख राहुल आनन्दले बंगलादेशको वर्तमान आर्थिक अवस्थाका बारेमा मंगलबार अनलाइन कन्फरेन्समा पत्रकारलाई जानकारी दिँदै बंगलादेशको बाह्य स्थिति 'यस क्षेत्रका धेरै देशहरूभन्दा निकै फरक' रहेको बताउनुभयो । आईएमएफका अधिकारीका अनुसार बंगलादेशको बाह्य ऋण र कूल गार्हस्थ्य उत्पादन (जीडीपी) अनुपात १४ प्रतिशतको हाराहारीमा रहेको र तुलनात्मक रूपमा कम रहेको र प्रायः सहुलियतपूर्ण प्रकृतिको छ ।

त्यसैले कर्जासंकटको जोखिम कम छ । बंगलादेशका अर्थमन्त्री एएचएम मुस्तफा कमालले फाइनान्सियल टाइम्सलाई पठाएको जवाफमा भनिएको छ, "अहिले ४० अर्ब अमेरिकी डलर सञ्चित रहेको छ, जुन पाँच महिनाभन्दा बढीको आयात भुक्तानीका लागि पर्याप्त छ र आईएमएफले तोकेको जोखिमको सीमाभन्दा बढी छ ।

घरेलु पेट्रोलको मूल्य तीव्र गतिमा बढेसँगै बंगलादेशले रुसबाट कच्चा तेल आयात गर्ने सोच बनाएको छ । बंगलादेशका विदेश सचिव मसूद बिन मोमेनले कच्चा तेल आयातको विषयमा निर्णय गर्न रूसको एक विशेषज्ञ प्रतिनिधिमण्डल चाँडै ढाका आउने बताउनुभएको छ । यस महिनाको सुरुमा बङ्गलादेशको इन्धनको खुद्रा मूल्य सन् १९७१ मा बङ्गलादेशस्वतन्त्र भएयता कहिल्यै नदेखिएको स्तरमा वृद्धि गरिएको थियो ।

# उत्तर कोरियाद्वारा दुई क्षेप्यास्त्र प्रहार

**एएफपी**

सोल । उत्तर कोरियाले बुधबार दुईवटा क्रुज क्षेप्यास्त्र प्रहार गरेको सोलको रक्षा मन्त्रालयले जनाएको छ । यस वर्ष प्योङ्याङको एक महिना लामो समयदेखि क्षेप्यास्त्र प्रहार रोकिएको बताइएको छ ।

'बुधबनर बिहान उत्तर कोरियाले दक्षिण प्योन्गान प्रान्तको ओन्चोनबाट पश्चिम सागरमा दुईवटा क्रुज क्षेप्यास्त्र प्रहार गरेको छ,' मन्त्रालयका एक अधिकारीले एएफपीलाई जानकारी दिएका छन् ।

उत्तर कोरियाले जनवरीदेखि संयुक्त राष्ट्रसङ्घद्वारा प्रतिबन्ध क्रुज क्षेस्यास्त्र परीक्षण नगरेको योन्हाप समाचार समितिले जनाएको छ ।

उत्तर कोरियाले सन् २०१७ यता पहिलो पटक पूर्णदायरामा अन्तरमहादेशीय ब्यालेस्टिक मिसाइल प्रहारसहित जनवरीदेखि नै प्रतिबन्ध तोड्ने परीक्षण गरेको छ ।

# ट्राफिक प्रहरीद्वारा २२ करोड राजस्व सङ्कलन



कलैया । मधेश प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैया, बाराले आर्थिक वर्ष २०७८/७९ मा रु २२ करोड ४४ लाख राजस्व सङ्कलन गरेको छ ।

सवारी नियम उलङ्घन गर्ने दुई लाख ६४ हजार ९१० साना ठूला सवारीसाधनका चालकलाई दण्डजरिवाना गरी उक्त रकम असुल गरिएको हो ।

मधेश प्रदेशका ८ जिल्लाका ट्राफिक प्रहरी कार्यालयबाट गत आवमा सवारी नियम उलङ्घन गरी दण्डजरिवाना असूल गरिएको प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिनुभयो । सो क्रममा ९९ हजार ३५८ ट्रक चालकबाट रु ११ करोड ५२ लाख ४३ हजार, ७६ हजार ७१३ मोटरसाइकल चालकबाट रु चार करोड ९५ लाख ७५ हजार तथा ४७ हजार ५०५ कार, जीप र भ्यान चालकबाट रु तीन करोड २० लाख राजस्व असूल गरिएको छ ।

यसैगरी १५ हजार ५४० ट्याक्टरका चालकबाट रु ९६ लाख, १३ हजार ४२० टेम्पु चालकबाट रु ९० लाख ६४ हजार र ११ हजार ६७७ बसका चालकबाट रु ८९ लाख २० हजार दण्डजरिवाना गरी राजस्व दाखिला गरिएको कार्यालयले जनाएको छ ।रासस

# सुनको मूल्य प्रतितोला रु ९६ हजार दुई सय

काठमाण्डु । सुनचाँदी बजारमा बुधबार छापावाल सुनको मूल्य प्रतितोला रु ९६ हजार दुई सय तोकिएको छ ।

अघिल्लो दिन प्रतितोला रु ९६ हजार सात सयमा कारोबार भएको पहेँलो धातुको मूल्य आज प्रतितोला रु पाँच सयले घटेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणानुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु ९५ हजार सात सय छ । यसको मूल्य अघिल्लो दिन प्रतितोला रु ९६ हजार दुई सय थियो ।

त्यस्तै बुधबार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु १० ले घटेर रु एक हजार दुई सय १० कायम रहेको महासङ्घले जनाएको छ ।रासस

# सहज र सर्वसुलभ हुँदै विद्युतीय भुक्तानी कारोबार


काठमाण्डु । प्रविधिको प्रयोग र पहुँच बढेसँगै पछिल्लो समय विद्युतीय भुक्तानीको कारोबारमा उल्लेख्य वृद्धि भएको छ । प्राविधिक पूर्वाधारको विकास, कारोबारमा प्रोत्साहन तथा बढ्दो अभ्यासका कारण विद्युतीय भुक्तानी कारोबार बढेको हो । केन्द्रीय बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०७८/७९ को विवरणअनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा विद्युतीय कारोबारमा वृद्धि भएको हो ।

सो आवमा विद्युतीय भुक्तानी प्रणाली, कनेक्ट आइपीएस, इन्टरनेट बैंकिङ, मोबाइल बैंकिङ, वालेट, प्रिपेड कार्ड, क्यूआरमार्फत भुक्तानीलगायतको प्रयोगका साथै कारोबार रकमसमेत बढेको छ । सार्वजनिक तथ्याङ्कानुसार गत आवमा क्विक रेस्पोन्स (क्यूआर) कोडमा आधारित भुक्तानीको प्रयोग उच्च दरले बढेको देखिन्छ । अघिल्लो आवका तुलनामा गत आवमा क्यूआर कोडको प्रयोग गरी कारोबार सङ्ख्या चार सय प्रतिशतले बढेको छ ।

अघिल्लो आवमा क्यूआर कोडको प्रयोग गरी ४२ लाख ८१ हजार नौ सय ९४ पटकमा रु १४ अर्ब ५२ करोड ६० लाखको कारोबार भएको छ । जसमा अघिल्लो आवको समीक्षा अवधिमा यसको प्रयोग आठ लाख ५५ हजार पाँच सय ६६ पटकमा रु तीन अर्ब ६५ करोड १० लाख बराबर मात्रै भएको थियो ।

त्यस्तै गत आवमा प्रिपेड कार्डका माध्यमबाट ५७ हजार नौ सय ४२ पटकमा रु ४५ करोड ८० लाख बराबरको कारोबार भएको देखिन्छ । जुन अघिल्लो आवको तुलनामा दुई सय ३६ प्रतिशतले बढी हो । अघिल्लो आवमा यस्तो कार्डको प्रयोगबाट १७ हजार दुई सय ३१ पटकमा रु सात करोड ३० लाखको कारोबार भएको थियो ।

उपलब्ध विवरणअनुसार प्वाइन्ट अफ सेलको प्रयोग ८४ प्रतिशत भन्दा बढीले वृद्धि भएको छ । अघिल्लो आवमा छ लाख ३५ हजार पाँच सय ९९ पटकमा रु





दुई अर्ब ६६ करोड ५० लाखको कारोबार भएकामा गत आवमा ११ लाख ७३ हजार पाँच सय ४८ पटकमा रु पाँच अर्ब १८ करोड ३० लाखको कारोबार भएको छ ।

त्यस्तै कारोबारमा क्रेडिट कार्डको प्रयोग अघिल्लो आवका तुलनामा गत आवमा ८३ प्रतिशतले बढेको छ । अघिल्लो आवमा एक लाख २४ हजार दुई सय ४३ पटकमा रु ८५ करोड ९० लाखको कारोबार भएकामा गत आवमा दुई लाख २७ हजार नौ सय २० पटकमा रु एक अर्ब ४९ करोडको कारोबार भएको छ ।

**मोबाइल बैंङकिङमार्फतको कारोबार सङ्ख्या ५० प्रतिशतले वृद्धि**

केन्द्रिय बैंकको पछिल्लो विवरणानुसार मोबाइल बैंकिङको प्रयोग अघिल्लो आवका तुलनामा गत आवमा ५० प्रतिशतले बढेको छ । अघिल्लो आवमा एक करोड ३७ लाख नौ सय ९३ पटकमा रु ७३ अर्ब ७२ करोड ९० लाख बराबरको कारोबार भएकामा गत आवमा दुई करोड पाँच लाख ६४ हजार तीन सय आठ पटक मोबाइल बैङ्किङको प्रयोग गरी एक खर्ब ६३ अर्ब २५ करोड ५० लाखको कारोबार भएको छ ।

त्यस्तै डेबिट कार्डका माध्यमबाट गत आवमा एक करोड ११ लाख २७ हजार ६ सय ८३ पटकमा रु ८३ अर्ब २० करोडको कारोबार भएको देखिन्छ । अघिल्लो आवमा यसको प्रयोग ७४ लाख ६५ हजार चार सय ३९ पटकमा रु ६६ अर्ब ४१ करोड ७० लाखको कारोबार भएको थियो, जुन प्रयोगका आधारमा अघिल्लो आवको भन्दा ४९ प्रतिशतले बढी हो ।

राष्ट्र बैंकका अनुसार एटिएमको प्रयोग गत आवमा अघिल्लो आवका तुलनामा ४६ प्रतिशतले बढेको छ । अघिल्लो आवमा एटिएमको ६९ लाख १९ हजार एक सय ९९ पटक प्रयोग भई रु ६४ अर्ब ३८ करोड ९० लाख कारोबार भएकोमा गत आवमा एक करोड एक लाख ६९ हजार तीन सय ३१ पटकमा रु ७९ अर्ब ४५ करोड ८० लाखको कारोबार भएको छ ।

त्यस्तै समीक्षा अवधिमा कनेक्ट आइपिएस्को प्रयोग ३३ प्रतिशतले बढेको छ । अघिल्लो आवमा ३२ लाख चार हजार आठ सय ४५ पटक कनेक्ट आइपिएस्प्रयोग गरी रु दुई खर्ब ३७ अर्ब ७५ करोड २० लाखको कारोबार भएकोमा गत आवको समीक्षा अवधिमा ४२ लाख ७० हजार ९९ पटकमा रु तीन खर्ब ६९ अर्ब २२ करोड ३० लाखको कारोबार भएको छ ।

यसैगरी रियल टाइम ग्रु सेटलमेन्ट (आरजीटीएस) प्रणालीमार्फत भएको भुक्तानीको सङ्ख्या ३७ प्रतिशतले बढेको छ । अघिल्लो आवमा ५९ हजार छ सय ५५ पटक यसको प्रयोग भएको थियो भने गत आवमा यस्तो प्रणाली ८१ हजार आठ सय १७ पटक प्रयोग भई रु ४३ खर्ब ४९ अर्ब पाँच करोड ६० लाख बराबरको कारोबार भएको विवरण सार्वजनिक भएको छ ।

त्यस्तै अघिल्लो आवका आधारमा यस आवमा ई -कमर्स ३२ प्रतिशतले, वालेट २९ प्रतिशतले, ब्रान्चलेस बैंङ्किङ १६ प्रतिशतले, आइपिएस १३ प्रतिशतले र इसिसिको तीन प्रतिशतले प्रयोग बढेको विवरण सार्वजनिक भएको छ । वालेटमार्फत गत आवमा एक करोड ६२ लाख छ हजार तीन सय ६५ पटकमा रु १७ अर्ब ७५ करोड २० लाखको कारोबार भएको देखिन्छ ।

त्यस्तै गत आवमा शाखा रहित बैंकिङ अन्तर्गत ६९ हजार चार सय ६५ पटकमा रु एक अर्ब ५० करोड ३० लाखको कारोबार भएको छ । विवरणअनुसार गत आवमा आइपिएस माध्यमबाट १३ लाख २२ हजार एक सय ७४ पटकमा रु दुई खर्ब ७५ अर्ब ७५ करोड २० लाख, इसिसि माध्यमबाट १४ लाख ८६ हजार पाँच सय ५१ पटकमा रु आठ खर्ब ५० अर्ब ६४ करोड ९० लाखको कारोबार देखिन्छ ।

**इन्टरनेट बैंकिङ्को प्रयोगदर घट्यो तर कारोबार रकम भने बढ्यो**

सार्वजनिक विवरणानुसार अघिल्लो आवका आधारमा गत आवमा इन्टरनेट बैंकिङका माध्यमबाट भुक्तानी भएको सङ्ख्यमा कमी आएको देखिएको छ । अघिल्लो आवमा तीन लाख २९ हजार पाँच सय २३ पटक इन्टरनेट बैंकिङको प्रयोग भएकामा गत आवमा तीन लाख १८ हजार पाँच सय ९८ पटक यसको प्रयोग भएको छ ।

यता कारोबार रकमका आधारमा भने यसको प्रयोग १३ प्रतिशले बढेको छ । अघिल्लो आवमा यस्तो प्रणाली बाट रु १३ अर्ब ८३ करोड २० लाख बराबरको कारोबार भएकामा गत आवमा १५ अर्ब ६३ करोड ८० लाखबराबरको भुत्तानी भएको देखिन्छ । केन्द्रीय बैंकले सार्वजनिक गरेको विवरणानुसार अघिल्लो आवका आधारमा गत आवमा क्यूआरकोडमा आधारित भुक्तनीको प्रयोग उच्च दरले बढेको देखिन्छ ।

वित्तीय साक्षारता र प्रविधिको पहुँचमा भएको वृद्धिले विद्युतीय भुक्तानीमा सर्वसाधारणको सहभागिता बढेको जानकार बताउँछन् । विद्युतीय भुक्तानी पूर्वाधारमा भएको विकास, विद्युतीय भुक्तानी कारोबारका लागि गरिएको प्रोत्साहन र सर्वसाधारणको विद्युतीय भुक्तानी उपकरण प्रयोगमा बढ्दो अभ्यासका कारण मुलुकमा विद्युतीय भुक्तानी कारोबार उल्लेख्य बढेको केन्द्रीय बैंकले जनाएको छ ।रासस

# नेपालमा पनि बढ्दैछ खाद्य असुरक्षा

काठमाण्डु । तथ्याङ्कले मुलुकमा खाद्य सञ्चिति देखिँदै आए पनि असन्तुलित उत्पादन र वितरणका कारण देशको ७.८ प्रतिशत जनसङ्ख्या गम्भीर खाद्य असुरक्षाको चपेटामा परेको छ ।

कृषि तथा पशुपक्षी विकासमन्त्री मृगेन्द्रकुमार सिंह यादवले मुलुकमा औसत नेपालीलाई निर्धारण गरिएको दैनिक न्यूनतम आवश्यकताका लागि खाद्यान्न पर्याप्त नै भए पनि खाद्य असुरक्षा भने कायमै रहेको बताउनुहुन्छ ।

राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय र नेपाली सेनाको प्रबन्धरथि विभागले संयुक्तरूपमा आयोजना गरेको 'नेपालमा खाद्य सुरक्षा'को अबस्था विषयक गोष्ठीमा उहाँले यो तथ्य प्रस्तुत गर्नुभएको हो । उहाँका अनुसार मुख्य गरी खाद्यान्नको प्रयोग, सर्वसाधाराणको पहुँच नहुनु, सर्वसुलभ र गुणस्तर नहुनु, प्राकृतिक विपत्ति, जलवायु परिवर्तनको असर, कृत्रिम अभावले उत्पादनमा पुऱ्याएको असर, कोभिड-१९ तथा राष्ट्रिय एबं अन्तर्राष्ट्रिय बजारमा कृषि सामग्रीको मूल्य उतारचढावका कारण खाद्यान्न आपूर्तिमा अनिश्चितता देखिएको हो ।

यसका साथै कृषि कर्मबाट युवा शक्तिको पलायन, जमिनको बाँझोपन तथा रोग किराको आक्रमणलगायत कारणले खाद्य सुरक्षामा चुनौती थपिँदै आएको छ । "विश्व बैंकको व्याख्यानुसार एक हजार आठ सय क्यालोरीभन्दा कम हुने गरी प्राप्त भएको खाद्य अवस्थालाई गम्भीर किसिमको खाद्य असुरक्षा भनी परिभाषित गरिएको छ, त्यस अबस्थालाई मूल्याङ्कन गर्दा नेपालमा कुल जनसङ्ख्याको ७.८ प्रतिशतमा गम्भीर खाद्य असुरक्षाको अबस्थामा रहेको देखिन्छ", मन्त्री यादवले भन्नुभयो ।

सामान्य मानिसलाई आफ्नो दैनिक क्रियाकलापका लागि सक्रिय रहन हरेक व्यक्तिका लागि दैनिक दुई हजार दुई सय क्यालोरी शक्ति आवश्यक पर्छ । यसको मुख्य सवाल खाद्यान्नको उपलब्धता नै हो ।

संयुक्त राष्ट्रसङ्घीय सम्मेलन सन् १९९६ ले खाद्य सुरक्षालाई हरेक व्यक्तिले सक्रिय र स्वास्थ्य जीवनयापनका लागि आफ्नो चाहना र आवश्यकतानुरुप सधैँ पर्याप्त स्वच्छ र पोषणयुक्त खानामाथि भौतिक, सामाजिक र आर्थिक पहुँच भएको अवस्था हो भनी परिभाषित गरेको छ ।

नेपालको १५औं पञ्चवर्षीय योजनामा उल्लेख भएअनुसार नेपालमा २१ प्रतिशत मानिसले अझै पनि पर्याप्त खाना नपाएको



उल्लेख छ । खाद्य आवश्यकताको आधारभूत सुरक्षा स्थितिमा रहेका घरपरिवार केवल ४८.२ प्रतिशत मात्रै रहेको उल्लेख गरिएको छ ।

सरकारी तथ्याङ्कमा आव २०७८/७९ मा प्रतिव्यक्ति तीन सय ६९ किलो खाद्यान्न उत्पादन भएको अनुमान छ । यसबाट बीउ, पशुआहार भण्डारण तथा प्रशोधन र नोक्सानी कटाएर प्रतिव्यक्ति अनुमानित दुई सय ५७ किलो उपभोग योग्य खाद्यान्न रहेको अनुमान छ । यो औसत नेपालीलाई निर्धारण गरिएको दैनिक न्यूनतम आवश्यकता शक्ति प्राप्तिका लागि पर्याप्त नै भएको मन्त्री यादवले बताउनुभयो । आव ७८/७९ मा नेपालको कुल वार्षिक खाद्यान्न उत्पादन एक करोड सात लाख ७२ हजार मेट्रिक टन पुगेको छ । यसबाट बीउ, पशुआहार भण्डारण, प्रशोधन, नोक्सानीलगायत कटाएर झन्डै ७५ लाख ३० हजार मेट्रिक टन उपभोग योग्य खाद्यान्न प्राप्त भएको अनुमान छ । विसं २०७८ को एक अभिलेखअनुसार देशको जनसङ्ख्याका लागि वार्षिक करिब ५८ लाख ६७ हजार मेट्रिक टन प्रशोधित खाद्यान्न आवश्यक हुन आउँछ ।

मन्त्री यावदले भन्नुभयो, "यस अर्थमा खाद्यान्न उपलब्धता आवश्यक परिमाणका हिसाबले झन्डै १६ लाख ६३ हजार मेट्रिक टन बचतमा नै देखिन्छ । तर राष्ट्रियस्तरमा खाद्यान्न बचत देखिए पनि पारिवारिक तहमा झन्डै २१ प्रतिशत नेपाली अझै दैनिक निर्धारित क्यालोरीभन्दा कम खाद्यान्न उपभोग गर्नुपर्ने अबस्थामा रहेका छन् ।" उहाँका अनुसार देश भित्रको असन्तुलित उत्पादन र वितरणले करिब २० जिल्ला खाद्य असुरक्षाको अवस्थामा छन् । विगत एक दशकभन्दा बढीको समयलाई हेर्दा नेपालमा २०७२ को महाभूकम्पको वर्षबाहेक अन्य अवधिमा देशमा खाद्य सञ्चितिकै अवस्था देखिएको जनाइएको छ ।

उता चामलको आयात भने अनपेक्षित देखाएको छ । केन्द्रीय तथ्याङ्क विभागको वार्षिक घरधुरी सर्वेक्षण प्रतिवेदन, २०१७ अनुसार मसिनो चामलको उपभोग बढ्दो क्रममा रहेको छ । चालमको उत्पादनले उपभोग धान्न सकेको छैन । तर ठीक विपरीत अन्य अन्न बालीमा उत्पादनको ठूलो परिमाण उपभोग भइरहेको छ । खाद्य तथा पोषण सुरक्षाका हिसाबमा कोदो तथा फापर जस्ता बालीको योगदान अझै मूलधारमा आउन सकेको छैन ।

खाद्य तथा पोषण सुरक्षाका दृष्टिले मानिसलाई दैनिक आवश्यक पर्ने कुल क्यालोरीको ७७ प्रतिशत हिस्सा वनस्पतिजन्य पदार्थ र बाँकी पशुपक्षीजन्य पदार्थबाट आपूर्ति हुनुपर्नेमा दैनिक आवश्यक क्यालोरीको आपूर्ति यसअनुसार नभएको कृषि मन्त्रालयले जनाएको छ । प्रतिव्यक्ति प्रतिदिन चाहिनेमध्ये ८७ प्रतिशत वनस्पतिजन्य पदार्थबाट र बाँकी दूध, दही मासु, अन्डालगायत पशुपक्षीजन्य पदार्थबाट प्राप्त भएको देखिएको छ । उत्पादनका हिसाबले माछा, मासु, अण्डामा आत्मनिर्भर भएको तथ्याङ्कले देखाउँछ भने दूधमा आत्मर्निभरताको नजिक रहेको मन्त्री यादवले बताउनुभयो । यस हिसाबले खाद्य तथा सन्तुलित उपभोगमा पोषण सुरक्षाका लागि पशुपक्षीजन्य उत्पादन र आपूर्तिका साथै उपभोग बढी गर्नुपर्ने देखिएको छ । यसका लागि मन्त्रालयले खाद्य सुरक्षाका लागि विशेष जोड दिइरहेको उहाँले जानकारी दिनुभएको छ ।

उत्पादनमा वृद्धिका लागि सिचाइ सुविधा विस्तारका साथै उन्नत बीउ, नस्लको उपलब्धतासँगै आधुनिकीकरण तथा व्यवसायिकीकरणमा थप लगानी गर्नुपर्ने आवश्यकता छ । यसका साथै खाद्य तथा पोषण क्षेत्रमा देखिएका चुनौती सामनाका लागि अनुसन्धान, प्रविधि विस्तार पूर्वाधार विस्तारलगातयका कर्यक्रममा तीनै तहका सरकार, गैरसरकी निजी तथा विकास साझेदारहरूसँग सहकार्य आवश्यकता रहेको औँल्याइएको छ । यसलाई साझा जिम्मेवारीका रूपमा प्राथमिकताका साथ जिम्मेवारी निभाउनुपर्नेमा उहाँले जोड दिनुभएको छ ।

उक्त गोष्ठीमा रक्षा सचिव तथा राष्ट्रिय सुरक्षा परिषद् सचिवालयका संयोजक किरणराज शर्माले समसामयिक विषयमा यस प्रकारको सेमिनार पहिलो पटक आयोजना गरिएको जानकारी दिनुभयो ।

विश्वव्यापी मानवअधिकार घोषणपत्र सन् १९४८ को दफा २५ मा हरेक व्यक्तिलाई गाँस, बास, कपास र औषधोपचारको अधिकार रहेको छ । आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर र्राष्ट्रिय अनुबन्ध सन् १९६६ को धारा ११ मा पनि हरेक नागरिकलाई भोक मेटाउन पाउने अधिकारलाई मौलिक हकका रूपमा उल्लेख गरिएको छ ।

संयोजक शर्माले खाद्य सुरक्षा मानव सुरक्षासँग मात्रै नभई समग्र विकाससँग प्रत्यक्ष जोडिएको उल्लेख गर्दै यसतर्फ केन्द्रित कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो । दोस्रो विश्वयुद्धपछि जनसङ्ख्याको तीव्र वृद्धि, प्रकोप, खाद्यान्न र स्रोतको सीमितता भोमकरीलगायत समस्याका कारण विश्वव्यापी रूपमा खाद्य सुरक्षा र महत्वको बोध भएको हो ।

सन् १९७४ मा आयोजित विश्व खाद्य सम्मेलनले खाद्यपदार्थलाई आधार भूत आवश्यकताका रूपमा स्वीकार गर्दै त्यसको मात्रा, मूल्य र आपूर्तिलाई स्थिर बनाउनुपर्नेमा जोड दिइएको थियो । सन् १९९६ मा रोममा भएको सम्मेलनले हरेक व्यक्तिमा आफ्नो आवश्यकताअनुसार स्वच्छ र पोषणयुक्त खानामाथि भौतिक एवं आर्थिक पहुँच भएमा मात्रै खाद्य सुरक्षा भएको मान्न सकिने उल्लेख छ ।

सचिव शर्मा नेपाल कृषि प्रधान देश भएर पनि आवश्यकताअनुसार खाद्यान्नको उत्पादन हुन नसक्नु दुःखद हो भन्नुहुन्छ । उहाँ निर्वाहमुखी र परम्परागत कृषि प्रणाली, कृषियोग्य जमिनको उपलब्धता र वितरणमा असमानता, कृषियोग्य जमिनको बनावटमा जटिलता र कृषिमाथिको अत्यधिक निर्भरताका कारण मुलुकको ठूलो सङ्ख्या खाद्य सुरक्षाबाट वञ्चित रहनुपरेको बताउनुहुन्छ । रासस

# सामाजिक सुरक्षा कोषका योगदानकर्ताले मोबाइल एपबाटै कर्जा लिन सक्ने

काठमाण्डु । सामाजिक सुरक्षा कोषमा योगदान गरिरहेको योगदानकर्ताले मोबाइल एपबाटै विभिन्न कर्जा सुविधा लिन पाउने भएका छन् । कोषले बुधबारदेखि मोबाइल एप सञ्चालनमा ल्याएको छ ।

सोही एपको प्रयोग गरेर योगदानकर्ताले विशेष सापटी, घर कर्जा, शैक्षिक कर्जा र सामाजिक कर्जा लिन सक्नेछन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा आज आयोजित कार्यक्रममा श्रममन्त्री शेरबहादुर कुँवरले योगदानकर्ता विशेष सापटी र मोबाइल एपको शुभारम्भ गर्नुभयो ।

सो अवसरमा मोबाइल एपबाटै कोषमा योगदान गरिरहेका विनयकुमार महतो र पवनबाबु प्रधानले विशेष सापटी तथा केशव खड्काले अवकाश सुविधाबापतको रकम प्राप्त गर्नुभयो ।

एपमार्फत कोषमा योगदान गरेको रकम र विभिन्न सापटी तथा कर्जा लिएको विवरण लिन सकिने छ । कोषमा जम्मा भएको ८० प्रतिशत रकम (विशेष सापटी) झिक्नका लागि आवेदन दिने, सूचीकृत अस्पतालको सूचीलगायत विभिन्न सुविधाका बारेमा जानकारी लिन सकिने कोषका सूचना अधिकारी डा रोशन कोजुले जानकारी दिनुभयो ।

विसं २०७६ साउनसम्म नियमित योगदान गरेका योगदानकर्ताले कोषबाट सापटी तथा कर्जा लिन पाउने भएका छन् । कोषमा योगदान सङ्कलन गर्न सुरु थालेयता करिब सात सय योगदानकर्ता त्यस्तो सुविधाका लागि योग्य भएका छन् । उनीहरुले आवश्यक परेको अवस्थामा सापटी तथा कर्जाका लागि आवेदन दिन सक्नेछन् ।

हालसम्म कोषमा तीन लाख ५२ हजार नौ सय २४





योगदानकर्ता सूचीकृत भएका छन् । कोषमा रु २२ अर्ब आठ करोड योगदान रकम सङ्कलन भइसकेको छ । कोषले विसं २०७६ साउनदेखि योगदान रकम सङ्कलन गर्न थालेको थियो । सूचीकृत योगदानकर्ताको आधार भूत पारिश्रमिकको ३१ प्रतिशत रकम कोषमा मासिकरुपमा जम्मा गर्नुपर्छ । आधारभूत पारिश्रमिकको ११ प्रतिशत श्रमिकका तर्फबाट र बाँकी २० प्रतिशत रोजगारदाताका तर्फबाट कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ ।

योगदानकर्ता सापटी निर्देशिका, २०७९ मा कोषमा सूचीकृत भएर तीन वर्ष नियमित योगदान गरेका योगदानकर्ताले सापटी र कर्जा सुविधा लिन सक्ने व्यवस्था छ । निर्देशिकाअनुसार योगदानकर्ताले नयाँ घर निर्माण गर्न, आफ्नो स्वामित्वमा रहेको घरमा तला थप्न तथा मर्मत गर्न, संयुक्त आवासमा युनिट खरिद गर्न र घर खरिद गर्न कर्जा पाउनेछन् ।

कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले विशेष सापटी र कर्जा लिनका लागि ३६ महिना योगदान गरेको तथा अनिवार्य अवकाश हुन कम्तीमा दुई वर्ष बाँकी रहेको हुनुपर्ने बताउनुभयो । धितो मूल्याङ्कनकाआधारमायोगदानकर्ताले अधिकतम रु ७५ लाख वा १५ वर्षको तलब बराबरको रकम पाउनेछन् ।

योगदानकर्ता वा निजको पति, पत्नी, छोरा वा छोरीलाई स्वदेश वा विदेशका शैक्षिक संस्थामा उच्च शिक्षा अध्ययन प्रयोजनका लागि अधिकतम रु ३५ लाखसम्म कर्जा पाउनेछन् । शैक्षिक कर्जाअन्तर्गत भर्ना शुल्क, मासिक शुल्क, परीक्षा शुल्क, होस्टल वा आवाज खर्च, शैक्षिक सामग्री शुल्क तथा ट्राभल र बीमा खर्च पाउनेछन् ।

योगदानकर्ताले आफू वा एकाघर/सगोलको परिवारको सदस्यको सामाजिक कार्यका लागि सामाजिक कार्य सापटी प्रदान गर्न सकिने छ । तीन वर्ष जम्मा गरेका योगदानकर्ताले अवकाश कोष योजनामा जम्मा भएको रकमको अधिकतम ८० प्रतिशत रकम प्राप्त गर्नेछन् ।

सो अवसरमा श्रममन्त्री कुँवरले कोषको सेवालाई प्रविधिमैत्री बनाउन निर्देशन दिनुभयो । कोषका योजनालाई व्यवस्थित बनाउनुपर्नेमा जोड दिँदै उहाँले सामाजिक सुरक्षाको दायरालाई फराकिलो बनाउन आग्रह गर्नुभयो । कोषका अध्यक्ष एवं श्रम सचिव अर्यालले कोषमा जम्मा भएको रकमको सदुपयोग गरी योगदानकर्तालाई विभिन्न सुविधा दिन शुरु भएको बताउनुभयो ।

'योगदानकर्ता रकमको परिचालन गर्न सकिएन भन्ने गुनासोको अन्त्य भएको छ', उहाँले भन्नुभयो, 'यो पहिलो योजना हो, अब योगदानकर्तालाई उद्यमशील बनाउन सहुलियत कर्जा प्रवा गर्ने योजना छ ।'रासस

# विकासमा नमुना बन्दै बागमती नगरपालिका

टुडे समाचारदाता

सर्लाही । मधेश प्रदेशका अधिकांश स्थानीय तहहरू आन्तरिक विवादका कारण अत्यन्त जर्जर बनिरहेका बेला सर्लाहीको बागमती नगरपालिकाको अवस्था भने निकै फरक छ । नगरको दिगो विकास र समृद्धिका लागि महत्वपूर्ण योजनाहरू कार्यान्वयन गर्ने कार्यमा जनप्रतिनिधि सक्रिय रूपमा लागि परेको देखिन्छ ।



पहिलो पटक निर्वाचित भएलगत्तै तलब भत्ता नलिने शपथ खाएका र आफ्नो लागि गाडी किन्न छुट्याइएको बजेटबाट जनताका लागि पानी ढुवानी गर्न ट्याङ्कर किनेर चर्चामा आएका नगरप्रमुख भरतकुमार थापाको नगर विकासको योजनाले यतिबेला सबैको मन जितेको छ । नेकपा (माओवादी केन्द्र) बाट निर्वाचित उनले आफ्नो कार्यकालमा नगरलाई देशकै नमुना पालिका बनाउने योजनाका साथ अगाडि बढेको बताउछन ।

नगरप्रमुखमा आफू निर्वाचित भएर आएपछि नगरको चौतर्फी विकासमा ठूलो सम्भावना र चुनौती देखेको नगरप्रमुख थापाले बताए । "नगर विकासको महत्वपूर्ण पाटो आन्तरिक आयस्रोत भए पनि हामीसँग त्यस्तो केही थिएन", उनले भने, "त्यसैले मेरो पहिलो प्राथमिकता नै नगरको दिगो विकास, सुन्दरता परेको हो ।" यस नगरलाई प्रदेशकै सुन्दर र रमणीय पर्यटकीय स्थलका रूपमा विकास गर्ने योजना रहेको नगरप्रमुख थापाले बताए ।

"अरू पालिकाको जस्तो बेच्ने सामान वा उद्योगधन्दा केही हामीसँग छैन्", नगरप्रमुख थापाले भने, "हामी पवित्र बागमतीको काखमा छौं, उत्तरमा चुरे शृङ्खला छ, यसैलाई सिँगारेर नगरको आम्दानी गर्ने योजना बनाएका हौं ।" बागमती नगरपालिकाका नगरप्रमुख थापाले कोरोना भाइरसको विषम परिस्थितिमा समेत नागरिकको साथ बटुल्दै नागरिकको समस्या समाधान तथा राहत वितरणमा समेत माना पाथी अभियान सञ्चालन गरेका थिए ।

नगरपालिकाले पहिलो कार्यकालमा सडक, शिक्षा र नगरको राष्ट्रिय गौरवको आयोजनामा समेत उल्लेख्य काम गरेको छ । अघिल्लो कार्यकालमा करिब दुई सय किलोमिटर सडक कालोपत्र गरिसकेको छ । नगरका अधिकांश सडकको स्तरोन्नतिपछि धुलो र हिलोमुक्त भएको छ ।

नगरपालिकाले शिक्षा र स्वास्थ्यको क्षेत्रमा गरेको कायापलटले नगरवासीको मन जितेको छ । बर्थिङ सेन्टरकै कारण सुत्केरीले पाउँदै आएको सास्तीसमेत कम भएको नगरवासीको भनाइ छ ।

विद्यालयको भौतिक संरचनाले मुहार फेरेसँगै विद्यार्थीको सिकाइ प्रभावकारी बनेको छ । बालमैत्री वातावरणमा शिक्षण सिकाइ, मन्टेश्वरी विधि र आधुनिक प्रविधिमैत्री शिक्षा बागमती नगरपालिकाको उद्देश्य रहेको नगर शिक्षा शाखाप्रमुख ओमबहादुर कार्कीले बताए । उनका अनुसार नगरपालिकाले दक्ष जनशक्ति उत्पादनलाई जोड दिँदै नगरमै सस्तो सर्वसुलभ ढङ्गले सिभिल इन्जिनियर, कृषि विज्ञान र पशु विज्ञानजस्तो महत्वपूर्ण प्राविधिक शिक्षासमेत सञ्चालन गरिरहेको छ ।

नगरपालिकाले नगरको दिगो विकास र समृद्धिको मेरुदण्डका रूपमा सुरु गरेको गौरवको आयोजना पोखरीको निर्माण कार्यको दुई चरण सम्पन्न गरिसकेको छ । कतिपय पोखरीको वरपर पर्खाल लगाउने र सफा गर्ने कार्य सम्पन्न भएको छ भने केही पोखरीमा पानी भरेर डुङ्गा सञ्चालनसमेत भइरहेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विमलप्रसाद पोखरेलले बताए । दीर्घकालीन रूपमा नगरको आयस्रोतका रूपमा समेत प्रयोग गर्न सकिने गरी पोखरीको परिकल्पना गरिएको उनको भनाइ छ ।

नगरपालिका-४ स्थित बागमतीको किनारमा निर्माण गरिएको पोखरी देशकै नमुना बन्नेछ । झन्डै एक सय २१ बिघा क्षेत्रफलमा निर्माण गर्न लागिएको यो पोखरीमा माछापालनसँगै पर्यटकीय आकर्षणको थलो बनाइने लक्ष्य रहेको नगर उपप्रमुख लीलाकुमारी मोक्तानले बताए ।

यस्तै नगरपालिकाले रु २८ करोडको लागतमा सुविधा सम्पन्न फनपार्क पनि निर्माण गर्न लागेको उहाँले जानकारी दिनुभयो । यस क्षेत्रमा मात्र नभएर यस प्रदेशमै नभएको सुविधा सहितको फनपार्क बागमती नगरपालिकाले निर्माण आरम्भ गरेको छ । बागमती सिँचाइको व्यारेज उत्तर हरिहर क्षेत्रमा करिब ६७ रोपनी क्षेत्रफलमा निर्माण हुने फनपार्कको पनि निर्माणको करिब ५० प्रतिशत काम सम्पन्न भइसकेको प्रमुख प्रशासकीय अधिकृत पोखरेलले जानकारी दिए । फनपार्कमा सुविधा सम्पन्न अतिथि गृहदेखि स्विमिङ पुल, पार्कभित्र बालबालिकाका लागि खेल्ने सामग्रीसहितको चिल्ड्रेन पार्क, वनभोज स्थल, आकर्षक झर्ना, रेस्टुरेन्ट तथा बागमती किनारमा नदी शयरको समेत व्यवस्था रहने छ ।

विकासलाई रोजगारमुखी बनाउने अभियानअन्तर्गत नगरपालिकाले वडा नं ३, ४ र ११ मा एक सय ८० बिघा क्षेत्रमा विभिन्न प्रजातिका फलफूलका बिरुवा रोपेको छ । बगैँचा निर्माणले नगरको पर्यावरणसमेत सन्तुलित रहने अपेक्षा गरिएको छ ।

यसैगरी कृषि, पशु, बजार लगायतको व्यवस्थापनमा समेत नगरले मुख्य रूपमा ध्यान दिइरहेको उपप्रमुख मोक्तानले बताए । नगरपालिकाले थालनी गरेको विकासका कार्यहरूप्रति आमजनतासँगै राजनीतिक पार्टीका नेता, कार्यकर्ताहरूले पनि खुलेर प्रशंसा गरेका छन् । माओवादी केन्द्रका केन्द्रीय सदस्य रमेश बुढाथोकी जनताको आवश्यकता बुझ्नु नै आजको विकास भएको र बागमतीबाट अन्य स्थानीय निकायहरूले सिक्नुपर्ने थुप्रै कुरा रहेको बताउँछन् ।

# शीर्ष नेतासँगको छलफलपछि सिट बाँडफाँटमा सहमति

टुडे समाचारदाता



काठमाण्डु । सत्ता गठबन्धनको कार्यदलले बैठकमा अहिलेसम्म भएका छलफलको विवरण शीर्षस्थ नेतालाई अवगत गराउने भएको छ । बुधबारको बैठकले यस्तो निर्णय गरेको कार्यदलका सदस्य एवम् सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिएका छन् । कार्यदलको बैठक प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको थियो ।

मन्त्री कार्कीले भने-'जुन जिम्मेवारी कार्यदललाई सुम्पेको छ, त्यो पुरा गर्ने अन्तिम चरणमा पुगेका छौं । अहिलेसम्मका छलफलका विवरण शीर्षस्थ नेताहरुलाई अवगत गराउनेछौं ।' छलफलका विवरण शीर्ष नेताले अध्ययन गरेपछि सहमति सार्वजनिक हुने उनको भनाइ थियो ।

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि सिट बाँडफाँटको निर्णयमा पुग्ने सहमतिका साथ बुधवारको बैठक सकिएको उनले बताए । सत्ता गठबन्धनका शीर्षस्थ नेताहरुलाई कार्यदलका संयोजक कृष्णप्रसाद सिटौलाले भेट गरेपछि कार्यदलका सदस्यसँग छलफल गर्नेछन् ।

मन्त्री कार्कीले भने-'विभिन्न मोडालिटीमा छलफल गरेका छौं । तिनै मोडालिटीलाई केन्द्रमा राखेर सिट विभाजनकै कुरा छ, त्यसको निष्कर्षको चरणतर्फ अगाडि बढ्नेछौं ।' यसले मुलुकलाई सकारात्मक सन्देश दिएको उनको भनाइ थियो ।

मन्त्री कार्कीले न्यायपूर्ण तरिकाले सिट विभाजन गर्ने विषयमा गठबन्धनका सबै दलको सहमति रहेको बताए । 'लामो छलफल भएको छ, मुलुकका निमित्त सकारात्मक छलफल भएको छ । निष्कर्षका लागि दुई दिन प्रतीक्षा गर्नुहोस् ।' उनले भने ।

पछिल्लो समय सत्ता साझेदार दल नेकपा (माओवादी केन्द्र)कै चुनाव चिह्नमा डा. बाबुराम भट्टराई पनि गठबन्धनकै दलका रुपमा जोडिन आएपछि यो विषयसमेत छलफलमा प्रवेश गरेको मन्त्री कार्कीले जानकारी दिए । यी लगायतका विषयमा शीर्षस्थ नेताहरुसँग छलफल गरेर निष्कर्षमा पुग्ने उनको भनाइ थियो ।

सत्ता गठबन्धनले आगामी निर्वाचनका लागि सिट बाँडफाँट गर्न साउन २० गते ११ सदस्यीय कार्यदल गठन गरेको थियो । त्यसयता निरन्तर कार्यदलको बैठक बस्दै आएको छ । कार्यदलमा नेपाली कांग्रेसबाट सिटौलासहित महामन्त्री गगनकुमार थापा, सञ्चारमन्त्री कार्की, माओवादी केन्द्रबाट वर्षमान पुन, देव गुरुङ, एकीकृत समाजवादीबाट डा. वेदुराम भुषाल, प्रमेश हमाल रहेका छन् ।

यसैगरी, जनता समाजवादी पार्टीबाट रामसहाय प्रसाद यादव, रकम चेम्जोङ र राष्ट्रिय जनमोर्चाबाट हिमलाल पुरी र आनन्द शर्मा सदस्य रहेका छन् ।

# विद्युत् महसुल ३० करोड सङ्कलन

टुडे समाचारदाता



वीरगञ्ज । नेपाल विद्युत् प्राधिकरण, पोखरिया वितरण केन्द्रले आर्थिक वर्ष २०७८/७९ मा रु ३० करोड १६ लाख विद्युत् महसुल सङ्कलन गरेको छ ।

गत आवमा उक्त केन्द्रअन्तर्गत चार करोड ७२ लाख ७८ हजार ४१२ युनिट विद्युत् उपलब्ध भएकामा तीन करोड ५८ लाख ८७ हजार पाँच सय ६० युनिट विद्युत्को महसुल सङ्कलन गरेको केन्द्रले जनाएको छ ।

जिल्लाका १४ स्थानीय तह छन् । पर्सागढी नगरपालिका-५, ६ र ७ बाहेक अन्य सबैमा पोखरिया प्राधिकरणले आफ्नो सेवा प्रवाह गरिरहेको छ । पोखरिया वितरण केन्द्रबाट सेवा लिने कुल सेवाग्राहीको सङ्ख्या ३८ हजार रहेको छ ।

केन्द्रका अनुसार आव २०७७/७८ मा २८.०४ प्रतिशत विद्युत् चुहावट भएको थियो भने आव २०७८/७९ मा २४.०९ प्रतिशत चुहावट भएको थियो । गत आवमा विद्युत् चुहावट गर्ने ४९० सेवाग्राहीलाई कारबाही गरिएको छ । उनीहरूले दुई लाख ६० हजार ३९४ युनिट विद्युत् चुहावट गरेका थिए । उनीहरूबाट रु ५२ लाख ३६ हजार असुल गरिएको केन्द्रले जनाएको छ । अघिल्लो आवभन्दा गत आवमा विद्युत् चुहावट ३.९५ प्रतिशतले कमी आएको छ ।

नौ सय ४७ सेवाग्राहीको रु नौ करोड पाँच लाख ५० हजार बक्यौता रहेकामा पाँच सय ४३ सेवाग्राहीबाट रु तीन करोड चार लाख ९७ हजार असूल गरिएको छ । प्राधिकरणको कालोसूचीमा रहेको कुल सेवाग्राहीको सङ्ख्या ४४७ रहेको छ । आव २०७८/७९ मा पोखरिया विद्युत् प्राधिकरणले विभिन्न उपकरणको मर्मत सम्भारमा रु ३७ लाख ५० हजार खर्च गरेको छ ।

नेपाल विद्युत प्राधिकरण पोखरिया वितरण केन्द्रले आव २०७८/७९ मा ३०१ बन्द रहेका मिटर नयाँ जडान गरेको छ भने छ हजार तीन सय ४८ मिटर पुनः शिलबन्दी गरेको छ ।

# श्रेष्ठलाई पाँच दिन थुनामा राख्न निर्देशन

टुडे समाचारदाता

जनकपुरधाम । बलात्कार मुद्दाका आरोपि शिवराज श्रेष्ठलाई जिल्ला प्रशासन कार्यालय धनुषाले पाँच दिन थुनामा राख्न धनुषा प्रहरीलाई निर्देशन दिएको छ ।

महोत्तरी जलेश्वरकी निहारिका सिंह राजपुत (कुमारी आमा) प्रकरणमा सोधपुछ गर्दा प्रहरीसँग अभद्र व्यवहार गरेको आरोपमा श्रेष्ठलाई मंगलबार साँझ पक्राउ परेको थियो । उनीमाथि निहारिकालाई बलात्कार गरेको आरोप छ ।

यद्यपि जिल्ला अदालत धनुषाले उनलाई सफाई दिइसकेका छन् । त्यसपछि गएको फागुनमा जिल्ला अदालतको फैसलामा असंतुष्टि जनाउँदै निहारिकाले उच्च अदालत जनकपुरमा मुद्दा दायर गरेकी छन् ।

निहारिकाले केही दिनदेखि न्यायको माग गर्दै काठमाण्डुमा अनसन बस्दै आएकी छन् । सोही क्रममा उनले राष्ट्रपति भवन अगाडि आत्मदाह गर्ने प्रयास गर्न थालेपछि उनको मुद्दा चासोपूर्वक हेर्न थालिएको छ । यही ५ गते अदालतले सो मुद्दाको पेशी तोकेका छन् ।

# 'भारत गौरव पर्यटक रेल' फेरि आउने

टुडे समाचारदाता

जनकपुरधाम । 'भारत गौरव पर्यटक रेल' रेल फेरि जनकपुरधाम आउन लागेको छ । गत असार ९ गते उक्त रेल ४ सय ९९ भारतीय धार्मिक पर्यटक बोकेर जनकपुरधाम आएको थियो ।

सो रेलमा १४ वटा डिब्बाहरु छन् । रेलको दुईवटा डिब्बामा योगसम्बन्धी तस्विर कोरिएका छ । रेलका बोगीका बाहिरी भागमा भारतीय स्मारक, नृत्य, परिकार, पोशाक, पर्व, वनस्पति तथा जीवजन्तु, योग, लोककला जस्ता भारतको कला, संस्कृति, परम्परा, सम्पदालगायतका बहुरुपी झल्किने गरी राखिएको चित्र आकर्षित सबैलाई गर्ने गरेको छ ।



पहिलो पटक भारतको राजधानी नयाँदिल्लीबाट अयोध्या हुँदै पूर्वोत्तर सीमास्थित भारतीय सहर जयनगरबाट जनकपुरधाम आइपुगेको रेलमा सबै जना धार्मिक पर्यटकहरु आएका थिए । प्याकेजमा आएका पर्यटकहरुको होटल, लज, धर्मशालालगायत आवास र खानाको व्यवस्थापन उनीहरुले नै मिलाएका थिए ।

महाप्रबन्धक निरन्जनकुमार झाका अनुसार सोही रेल भदौ ११ गते साँझ ६:३० बजेको समयमा जनकपुरधाममा फेरि आउन लागेको छ । आउन लागेको सो रेलमा यात्रा गर्ने धार्मिक यात्रीहरुको बुकिङ्ग भइरहेको उनले बताए । बुकिङ्ग पुरा भइसकेपछि मात्र यात्रु संख्या यकिन हुने उनले जानकारी दिए ।

रामायण सर्किटसँग सम्बन्धित अयोध्या, नन्दीग्राम, सीतामढी, बनारस, प्रयागराज, चित्रकुट, पंचवटी (नासिक), हम्पी, रामेश्वरम् र भद्राचलम जस्ता प्रख्यात धार्मिक गन्तव्यका साथै नेपालको जनकपुरधामस्थित धार्मिक क्षेत्रलाई जोड्न २०७८ असारमा आइपुगेको धार्मिक यात्रीको यात्रालाई निरन्तरता दिन आफूले पहल गरेपछि 'भारत गौरव पर्यटक रेल' फेरि आउने निश्चित भएको महाप्रबन्धक झाले बताए ।

अन्तर्राष्ट्रिय सीमा पार गरी समग्र रुपमा पर्यटनको प्रवर्द्धन गर्ने उद्देश्यले जनकपुरधाममा यो दोस्रो पटक आउन लागेको हो । यहाँ आइसकेपछि धार्मिक पर्यटकहरु जनकपुरधामस्थित जानकी मन्दिर, गंगा आरती, धनुषाधाम, मणिमण्डप, संकटमोचनलगायत धार्मिक स्थलहरुको दर्शन गर्ने महाप्रबन्धक झाले भने, पहिलो पटक जसरी 'भारत गौरव पर्यटक रेल' मा भारतीय धार्मिक यात्रुहरु आएर धार्मिक लाभ लिएका थिए, त्यसरी नै यसपटक पनि आउनेछन् ।

# विद्युत् प्राधिकरण सम्मानित

टुडे समाचारदाता

कलैया ।
नेपाल विद्युत् प्राधिकरणको ३७ औं वार्षिकोत्सवमा सिमरा वितरण केन्द्र नेपाल विद्युत् प्राधिकरण सम्मानित भएको छ ।

नेपाल भरिका उत्कृष्ट १५ कार्यालयहरुमा पर्न सफल भएका कारण सिमरा विद्युत् प्राधिकरण सम्मानित भएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । काठमाडौंमा आयोजना गरिएको वार्षिकोत्सवमा सिमरा वितरण केन्द्रका प्रमुख ई.रामु श्रेष्ठलाई नेपाल सरकारका उर्जा ,जलस्रोत तथा सिँचाई मन्त्री पम्फा भुसालले कदर पत्र प्रदान गरी सम्मान गरेका हुन् ।

सिमरा बितरण केन्द्रलाई प्रदान गरिएको कदर पत्रमा विविध चुनौतीको वावजुद चुहावट नियन्त्रण ,महसुल संकलन ,औषत संकलन जस्ता सूचकहरुमा तोकिएको लक्ष्य भन्दा बढी उपलब्धि हासिल गरेको तथा ७० एम भी ए भन्दा बढीको लोड थप गरी माग अनुसारको विद्युत् सेवा उलब्ध गराई प्राधिकरणको वित्तीय अवस्थामा सुधार ल्याउन गरेको योग्दानको उच्च मूल्याङ्कन गर्दै सो कार्यमा संलग्न सम्पूर्ण कर्मचारीहरुलाई ३७ औं वार्षिकोत्सवको उपलक्ष्यमा यो कदर पत्र प्रदान गरिएको छ ।' भन्ने कुरा कदर पत्रमा उल्लेख छ ।

# समितिले कृष्ण जन्माष्टमी मनाउने

टुडे समाचारदाता

जनकपुरधाम । गोपाल सेवा समितिले यस वर्ष पनि कृष्ण जन्माष्टमी मनाउन लागेका छन् ।

प्रत्येक वर्ष धुमधामका साथ कृष्ण जन्माष्टमी मनाउँदै आएका समितिले यस वर्ष पनि जनकपुरधाम उपमहानगरपालिका-४ विषहरा चोकमा भव्यताका साथ मनाउन लागेको हो । यसपालिका भदौ ३ गते शुक्रबार कृष्णा जन्माष्टीको तिथि परेको छ ।

सो अवसरमा श्रद्धालुहरुलाई भगवानको दर्शन गरी प्रसाद ग्रहणको लागि गोपाल सेवा समिति परिवारले अनुरोध गरेको छ । त्यस्तै, भदौं ८ गते भगवान कृष्णको छठिहारको कार्यक्रम राखिएको छ ।


## Urgent Requirement

We are looking for young energetic dynamic & result oriented candidates are highly encourage Apply for following:

Position :- Medical Sales Representative
Qualification :- B.Sc.
Head Quarter :- Janakpur
Contact No :- 9804833100
Minimum Package start :- 35000 /-
Interview Date :- 03/05/079
Time :- 11 AM
Place :- City Star Hotel, Shivchowk, Janakpur
Note :- Only Experience candidates can Apply.






## डिप्रेसन गम्भीर प्रकृतिको मानसिक रोग हो ।

**यसका लक्षणहरुः**

- दुःखी र निराश हुनु, कुनै कुरामा चाख र ध्यान केन्द्रित नहुनु,
- निन्द्रा धेरै लाग्नु वा नलाग्नु, थकान महसुस हुनु,
- कुनै पनि कुरामा खुशी नहुनु,
- जीवन मूल्यहीन ठान्नु र भविष्यप्रति आशावादी नहुनु,
- आत्महत्यासम्मको विचार आउनु,

**यसबाट बच्न,**

- परिवार, साथीभाई तथा समाजमा घुलमिल हुने,
- नियमित रुपमा शारिरिक अभ्यास, योग तथा ध्यान गर्ने,
- निश्चित समयमा सुत्ने र उठ्ने,
- स्वस्थ र सन्तुलित खाना खाने,
- धुम्रपान र मदिरापान जस्ता कुलतबाट टाढा रहने,
- बाबुआमा तथा अभिभावकले बालबालिकालाई समय दिने,
- केही समस्या देखिएमा तुरुन्त स्वास्थ्यकर्मीसंग परामर्श गर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८